## अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सञ्चारको प्रणाली हो । आफ्ना कुराहरू अरू समक्ष प्रकट गर्न र अरूका कुराहरू ग्रहण गर्न भाषाकै प्रयोग गरिन्छ । यसलाई इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने साधान अर्थात् विचार विनिमयको सशक्त माध्यम मानिन्छ । भाषाका मौखिक र लिखित दुई माध्यम रहेका छन् । मौखिक माध्यम उच्चारण र श्रवण प्रक्रियामा आधारित हुन्छ, यसमा वक्ता र स्रोताको सामीप्य रहन्छ तर लिखित भाषा दृश्यात्मक हुन्छ, त्यसैले यसमा वक्ता र स्रोताको सामीप्य चाहिँदैन । भाषाको वास्तविक रूप मौखिक नै हो तर विभिन्न कारणहरूले गर्दा लेख्य चिह्नहरूको प्रयोग गरी मानव समाजमा लिखित भाषाको प्रयोग हुँदै आएको पाइन्छ । जब मौखिक अभिव्यक्तिको माध्यमबाट विचार सम्प्रेषण गर्न नसकिने अवस्था देखा पर्दछ तब लेखाइ प्रक्रियालाई नियम सङ्गत ढङ्गले अपनाइन्छ । भाषाका चारवटा सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) एक अर्कामा अन्तरसम्बन्धित छन्, जसमा लेखाइ सिप अन्तिम र महत्त्वपूर्ण सिप मानिन्छ । यसलाई लिपि चिह्नद्वारा प्रकट गरिन्छ । लिखित भाषाकै माध्यमबाट मानवीय विचार र भावनालाई सङ्ग्रह गरेर कालान्तरसम्म सुरक्षित राख्न सकिन्छ । त्यसैले भाषाको लेख्य रूप अपरिहार्य हुन जान्छ ।

कुनै पनि भाषाको आधार भनेको अक्षर वा लिपि हो । नेपाली अक्षरको आधार देवनागरी लिपि हो । रूपभन्दा सानो र ध्वनिभन्दा ठूलो ध्वन्यात्मक एकाइ अर्थात् आवाजको एउटै प्रयासमा उच्चारित हुने प्रायः व्यञ्जन सहित वा रहित भएको सिङ्गो ध्वनि समूह अक्षर हो । अक्षरलाई सासको एक झोक्काको आधारमा चिन्न सकिन्छ । फोक्सोको एक सासको एक पकडले उच्चारित हुने वर्ण वा वर्णको समूह अक्षर हो । एकभन्दा बढी वर्णहरू मिलेर अक्षर बन्दछ तर अक्षर बन्नका लागि स्वरवर्ण अनिवार्य रूपमा हुनै पर्दछ ।

प्रारम्भिक तहका बालबालिकाहरूलाई हस्तलेखन, अनुलेखन, श्रुतिलेखन गराउनु आवश्यक हुन्छ, जसले गर्दा सफा, स्पष्ट, निरन्तर, शुद्ध र लेख्ने बानीको विकास हुन्छ । प्राथमिक तहका प्रारम्भिक कक्षाहरूका बालबालिकाहरूले ठिक किसिमले कलम समात्न

जानेका हुँदैनन् । त्यसैले उनीहरूलाई कलम समातेर लेख्न असहज हुने गर्दछ । उनीहरूको हात बसालेर लेख्न लगाउने कार्य कठिन भएकाले तिनलाई अक्षर लेख्न लगाउँदा विशेष ध्यान दिनुपर्दछ र साग्ला अक्षर चिनाउनुभन्दा पहिले वर्णमालाका अक्षरहरूको आकार प्रकारअनुसार तिनको सरल वा जटिल क्रम निर्धारण गरी अक्षरलेखन शिक्षण गराउनु उपयुक्त हुन्छ । त्यसैगरी मात्रा लागेका अक्षर र चिह्नहरूको पहिचान गराएपछि मात्रा लागेका अक्षर र संयुक्त अक्षर सिकाउनुतर्फ जानु उचित हुन्छ ।

अक्षरलेखनएक महत्त्वपूर्ण कार्य हो । यो प्रारम्भिक तहदेखि नै सुरु हुन्छ । स-साना बालबालिकाहरूले कलम समात्न समेत जानेका हुँदैनन्, त्यस अवस्थामा अक्षरलेखन सिकाउनु एक चुनौतिपूर्ण कार्य नै हो । विद्यार्थीहरूमा लेखाइसम्बन्धी सम्पूर्ण धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सिपको विकास गराउन अक्षरलेखन महत्त्वपूर्ण मानिन्छ । उनीहरूलाई लेख्य तथा पाठ्यभाषासँग अभिमुख गराउने कार्यकलाप अक्षर चिनारीबाटै सुरु हुन्छ । कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखनसम्बन्धी अध्ययन अनुसन्धान कमै भएको देखिन्छ, त्यसमा पनि कञ्चनपुर जिल्लाका कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन भएको पाइँदैन । अतः कञ्चनपुर जिल्लाको कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन गर्नुपर्ने आवश्यक देखिएकाले यस शीर्षकमा केन्द्रित रही अध्ययन गर्नका लागि यो शोधकार्य गरिएको छ ।

## १.२ समस्याकथन

शोधकार्यका लागि कुनै एक शीर्षक वा अनुसन्धेय विषय हुनु पर्दछ । त्यही शीर्षक नै अध्ययनको मूल समस्याका रूपमा प्रस्तुत गरिन्छ । चयन गरिएको शोधशीर्षकअन्तर्गत मुख्य-मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान र उत्तरहरू नै समस्याकथन हो (शर्मा र लुइटेल, २०५२ : २५) । यो शोधको महत्त्वपूर्ण अङ्ग हो र सम्पूर्ण शोधकार्य समस्यामै केन्द्रित भई त्यसैको समाधानतिर लक्षित हुन्छ । समस्या केवल प्रश्नात्मक मात्र नभएर उत्तरात्मक किसिमको हुनुपर्दछ । भाषाका चारवटा सिपमध्ये सुनाइ र पढाइ ग्रहणात्मक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत सिप हुन् । यी चारवटै सिपहरूको समान रूपले विकास हुनु जरुरी हुन्छ । प्रारम्भमा सुनाइ र बोलाइबाट नै काम चलाए तापनि कतिपय अवस्थामा यिनैबाट मात्र विचार विनिमय सार्थक नहुन सक्छ । यस्तो

अवस्थामा लखाइ सिप नै महत्त्वपूर्ण विकल्पका रूपमा रहन्छ । लेखन सिप जटिल भएता पनि शैक्षणिक र अन्य विविध क्षेत्रमा यसको महत्त्वपूर्ण भूमिका रहेको छ ।

लेखाइ सिप शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण अङ्ग हो । त्यसैले प्रारम्भिक तहदेखि विद्यार्थीहरूको लेखनकलाको विकास गर्न लेखाइ सिपको प्रयोग गर्दै जानु पर्दछ । यसले विद्यार्थीहरूको स्वतन्त्र लेखन, अनुलेखन, हस्तलेखन, श्रुतिलेखन, शब्दभण्डारको वृद्धि विकास गर्न सक्षम बनाउँछ ।

कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता विभिन्न कारण उमेर, लिङ्ग, विद्यालय प्रकृति आदिको एक समान नहुन सक्छ । तसर्थ विद्यार्थीहरूको लेखन क्षमता विकास गर्न अक्षरलेखनतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । तसर्थ कञ्चनपुर जिल्लाका कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखनसम्बन्धी समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) कक्षा एकमा अध्ययनरत समग्र विद्यार्थीको अक्षरलेखन क्षमता कस्तो छ ?

(ख) छात्र र छात्राका बिच अक्षरलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

(ग) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्नका लागि उद्देश्यले मार्गनिर्देशन प्रदान गर्दछ । उद्देश्यले नै अनुसन्धानलाई निश्चित गन्तव्यसम्म पुऱ्याउने भएकाले उद्देश्य, सरल, स्पष्ट, सङ्क्षिप्त र मापनीय हुनुपर्दछ । उद्देश्य निर्धारण गर्दा शोधार्थीले शोध समस्यामा केन्द्रित रहेर उद्देश्य निर्धारण गर्नुपर्दछ । शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने, उद्देश्य ती समस्याहरूलाई समाधान गर्ने बाट देखाउँछ । शोधकार्यका उद्देश्य शोधसमस्यामा आधारित हुने भएकाले त्यसैका आधारमा उद्देश्य निर्धारण गर्नुपर्दछ । प्रस्तुत शोधकार्यका पनि निश्चित उद्देश्यहरू रहेका छन् । जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) कक्षा एकमा अध्ययनरत समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको पहिचान गर्नु,

(ख) छात्र र छात्राबिचको अक्षरलेखन क्षमताको तुलना गर्नु,

(ग) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलना गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता

भाषा वाक् प्रतीकको सशक्त माध्यम हो । भाषाको सम्बन्ध मानव मन र समाजसँग हुन्छ । व्यक्तिलाई सामाजिकीकरण गर्न मानव संस्कृति र सभ्यतालाई अगाडि बढाउन समेत भाषाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषाका कथ्य र लेख्य दुई रूप हुन्छन् । कथ्य भाषाद्वारा विचार सम्प्रेषण गर्न कठिन हुँदा लेख्य भाषाको प्रयोग गरिन्छ ।

भाषाका चारवटा सिपमा लेखन सिप एक जटिल प्रक्रिया पनि हो । ध्वनि सङ्केतहरूलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखन सिपको विकास बालबालिकाहरूलाई प्राथमिक तहबाटै गराउनु पर्दछ जसको सुरुवात अक्षर चिनारीबाटै हुन्छ । अक्षर चिनाउँदा सरलदेखि जटिल, ज्ञातबाट अज्ञातको सिद्धान्तलाई आत्मसाथ गर्दै अगाडि बढाउनु पर्दछ । विभिन्न धर्काहरू कोरेर, थोप्लाहरू मिलाउन लगाइ सग्ला अक्षर बनाउन सिकाउनु पर्दछ ।

प्राथमिक तहका विद्यार्थीहरूका लागि अक्षरलेखन प्रारम्भिक अवस्था भएकाले उनीहरूलाई कलम समात्न, अक्षर चिन्न, किनारा छोडाइ, बसाइँको ढङ्ग ढाँचा, हात र आँखाको सन्तुलनमा ध्यान दिनु पर्ने भएकाले उक्त अध्ययनले थप सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण देखिन्छ । भाषालाई राष्ट्रिय स्तरमा विकास गरी यसको पहिचान गर्न र उच्च राख्न भाषाको विकास गर्नु आवश्यक हुन्छ । यसको शुद्ध रूपको विकास गर्नका लागि लेखाइ सिपको विकास गराउनु आवश्यक हुन्छ । त्यसैगरी व्यक्तिले आफूले व्यक्त गर्न खोजेको कुरालाई कसरी प्रस्तुतीकरण गर्दो रहेछ भन्ने कुरालाई लेखाइ सिपबाटै मूल्याङ्कन गरिन्छ । आफ्ना मनमस्तिष्कमा रहेका भाव वा विचारलाई लिपि चिह्नहरूद्वारा सिलसिलाबद्ध गरी व्यक्त गर्ने प्रक्रिया नै लेखाइ हो । हिज्जेको सही जानकारी, लिपि चिह्न तथा आफ्ना मनमा लागेका कुरा अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ

उपयोगी हुन्छ । उक्त विभिन्न कुराहरूलाई मध्यनजर गर्दा प्रारम्भिक तहदेखि नै अक्षरलेखनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

प्रारम्भिक तहदेखि नै भाषालाई शुद्ध, स्पष्ट र मानक बनाउन, अक्षरलेखनसम्बन्धी समस्या समाधान गर्न विद्यार्थी तथा शिक्षकहरूलाई समेत यस अध्ययनले लाभ पुऱ्याउन सक्ने देखिन्छ । अतः प्रस्तुत अध्ययन शैक्षिक एवम् अध्ययन अनुसन्धान दुवैका दृष्टिले महत्त्वपूर्ण बन्न सक्ने देखिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धानकर्ताले आफ्नो इच्छाअनुसार निर्धारण गरिएको अध्ययनको परिधि वा घेरा नै अनुसन्धानको सीमा हो । अनुसन्धान आफैंमा व्यापक र जटिलपूर्ण कार्य हो । यसको क्षेत्र व्यापक हुने भएकाले सम्पूर्ण विषयको अध्ययन गर्न सम्भव हुँदैन त्यसैले यसलाई सीमामा बाँध्नु पर्दछ अथवा सीमाङ्कन गर्नुपर्दछ । यदि यसो नगरिएमा अध्ययन अनुसन्धान निश्चित दिशातर्फ नगई विचलित हुन पुग्छ र तोकिएका उद्देश्यहरू पुरा हुन सक्दैनन् । शोधकार्यमा निर्धारित शीर्षकअन्तर्गत कुन-कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ (भण्डारी र ओझा, २०७१ : १२८) । त्यसैले अध्ययन गर्दा कुन-कुन विषयलाई समेट्ने र कति गहिराइसम्म पुग्ने भनेर किटान गर्नुपर्दछ । त्यसकारण प्रस्तुत अध्ययन निम्नलिखित सीमामा सीमाङ्कित गरिएको छ :

(क) कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अध्ययनमा सीमित रहेको छ ।

(ख) कञ्चनपुर जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा मात्र अध्ययन सीमित रहेको छ ।

(ग) लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको अक्षरलेखन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(घ) अध्ययनको निष्कर्ष प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा निकालिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न लिखित अध्यायमा विभाजन गरी अध्ययन अनुसन्धान गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमता

अध्याय पाँच : लैङ्गिकताका आधारमा अक्षरलेखन क्षमताको तुलना

अध्याय छ : विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमताको तुलना

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानकार्य आफैंमा एक महत्त्वपूर्ण र जटिल कार्य हो । अनुसन्धान कार्य गर्नुभन्दा पूर्व त्यससम्बन्धी अध्ययन गर्नु उपयुक्त हुन्छ । शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोधपत्र तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के-कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्वकार्यको खोज भनिन्छ (ओझा र गिरी, २०५८ : ५३) । अनुसन्धानका क्रममा सम्बन्धित विषयमा यस अघि सम्पन्न गरिएका कार्यहरूको अध्ययन गरी ती सम्पूर्ण कार्यहरूको सङ्क्षिप्त रूपमा क्रमबद्ध समीक्षा प्रस्तुत गर्नु नै पूर्वकार्यको समीक्षा हो । उक्त कार्यले सम्बन्धित विषय क्षेत्रमा यस अघि के-कस्ता अनुसन्धान भएका छन् र के-कस्ता अनुसन्धान बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ ।

अक्षरलेखन क्षमताको अध्ययन अनुसन्धान कमै मात्रामा भएको पाइन्छ । प्रस्तुत अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू प्रकाशन तथा लेखनकला विकासका प्रारम्भिक कार्यकलापहरूअन्तर्गत रहेर सम्बन्धित शीर्षकहरूसँग मिल्दाजुल्दा विभिन्न तहका पाठ्यपुस्तक, शोधपत्रहरूका आधारमा समीक्षा गरिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

अधिकारी (२०६५) द्वारा 'प्राथमिक शिक्षक दिग्दर्शन' नामक पुस्तकमा प्राथमिक तहका बालबालिकाहरूलाई उच्चारण गर्नुभन्दा अक्षर चिन्न र लेख्न गाह्रो हुने र उनीहरूलाई अक्षर चिनाउने र लेखाउने कार्य सँगसँगै गराई शिक्षण कार्यलाई प्रभावकारी बनाइ बालबालिकाहरूलाई अक्षरलेखनसँग सम्बन्धित विभिन्न धर्काहरू कोर्न सिकाउने जस्तै शिक्षकले चौरमा वा कुनै ठाउँमा कुनै औजारले अलिकति खनेर अक्षरको आकार कोरिदिने वा कुनै कालो कागजमा कलमले ठूलो अक्षरले लेखी सो अक्षरमा ढुङ्गाहरू भर्न लगाउने चोर औंलाले हावामा अक्षरलेख्न लगाउने, कुनै बाक्लो कागज वा अभ्यास पुस्तिकामा बिन्दुहरू मिलाई अक्षरले आकार दिने र तिनै बिन्दुमाथि कोर्न लगाई अक्षर सिकाउने, अक्षरलेखनका क्रममा प्रारम्भिक अवस्थामा विभिन्न ठाडो, तेस्रो, छड्के, गोलो धर्का कोर्न

लगाउने र क्रमशः आधा अक्षर, सग्ला अक्षर र अन्त्यमा संयुक्त अक्षर सिकाउनु पर्ने कुरा उल्लेख गरिएको छ । उक्त सामग्रीमा अक्षरलेखन तथा त्यसको शिक्षणसम्बन्धी विभिन्न कुराहरू वर्णन गरिएकाले उक्त पुस्तक यस अध्ययनका लागि उपयुक्त र सान्दर्भिक देखिन्छ ।

अधिकारी र शर्मा (२०७३) द्वारा 'प्रारम्भिक नेपाली भाषा शिक्षण' उपयुक्त सामग्री मानिन्छ । उक्त पुस्तकमा अक्षर चिनारीका लागि परम्परागत वर्णमालामा रहेका लिपिचिह्नहरू उल्लेख गरिएको छ । अक्षरलेखनको प्रारम्भिक अवस्थामा विभिन्न आकारप्रकारका धर्काहरूको लेखन तथा अक्षरलेखनका क्रममा सरलबाट जटिल र ज्ञातबाट अज्ञात हुँदै अक्षर सिकाउनु पर्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा बालबालिकाहरूलाई अक्षर सिकाएमा 'क' सिकाउनभन्दा पहिले त, व जस्ता अक्षर सिकाउन सकिएमा 'क' सिकाउन सजिलो हुने कुरा पनि उल्लेख गरिएको छ । त्यसैगरी अक्षर सिकाउँदा सर्वप्रथम विभिन्न आकार प्रकारका धर्काहरू सिकाउने, थोप्लाद्वारा अक्षरहरूका आकृतिलाई ति आकृति विद्यार्थीहरूलाई जोड्न लगाउने र क्रमिक रूपमा आधार अक्षरलाई लिएर ति आधार अक्षरबाटै अरू त्यसबाट बन्न सक्ने अक्षरहरू सिकाउने तत्पश्चात मात्रा लागेका अक्षर र अन्त्यमा संयुक्त अक्षरतर्फ जानुपर्ने कुरा पनि उक्त पुस्तकमा उल्लेख गरिएको छ । यस अध्ययनले पनि अध्येयतालाई सहयोग पुग्ने भएकाले सान्दर्भिक देखिन्छ ।

पौडेल (२०७०) द्वारा 'नेपाल भाषाशिक्षण' प्रारम्भिक कार्यकलाप गराउँदा विद्यार्थीहरूलाई हस्तलेखन, अनुलेखन, श्रुतिलेखन गराउनु पर्ने कुरा उल्लेख गरिएको छ । हस्तलेखन गराउँदा कुनै पनि अक्षर, शब्द, पदावली वा वाक्यलाई दोहोऱ्याइ, तेहेऱ्याइ लेख्न लगाउनु पर्ने, अनुलेखन गराउँदा वाक्य, अनुच्छेद वा पाठलाई जस्ताको तस्तै सार्ने कुरा उल्लेख गरिएको छ । श्रुतिलेखनको अभ्यास गराउँदा श्रुतिसम भिन्नार्थक शब्द आवश्यकताअनुसार दोहोऱ्याई तेहेऱ्याई स्पष्ट उच्चारण गरी सुनाउने, विद्यार्थीहरूले नबुझे संयमतापूर्वक पुनः सुनाइ दिने । माथिल्ला कक्षाहरूमा अदृष्टांश अनुच्छेदहरूको उपयोग गर्न सकिने तर प्रारम्भिक तहका कक्षाहरूमा विद्यार्थीहरूले पढिसकेका दृष्टांश अनुच्छेदहरूको उपयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । भर्खर मात्र अक्षर चिनेर लेखाइमा लागेका बालबालिकालाई शब्द, वाक्य वा पुरै पाठ समेत पटक पटक सार्न लगाई अभ्यास गराइ आँखा र हातको सन्तुलन गर्न र राम्रा सुन्दर अक्षर लेख्ने बानीको विकास हुने कुरा उल्लेख

गरिएको छ । उक्त पुस्तकमा प्रारम्भिक तहका बालबालिकालाई सरलदेखि जटिल र ज्ञातबाट अज्ञातको सिद्धान्तद्वारा अक्षर सिकाउनु पर्ने र हस्तलेखन, अनुलेखन र श्रुतिलेखन जस्ता कार्यकलाप गराउनु पर्ने कुरा उल्लेख गरेकाले उक्त पुस्तक सान्दर्भिक र उपयोगी देखिन्छ । यसरी प्रारम्भिक कार्यकलाप गराउँदा विद्यार्थीहरूको उमेर, क्षमता, कक्षा आदिलाई हेरेर सरलबाट जटिलको क्रम र ज्ञातबाट अज्ञात तिर लैजानु पर्ने कुरा उल्लेख गरिएको छ । यस अध्ययनले पनि अध्येयतालाई सहयोग पुग्ने भएकाले सान्दर्भिक देखिन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा अनुलेखन, हस्तलेखन र श्रुतिलेखनको परिचय तथा शिक्षण कार्यकलाप उल्लेख गरिएको छ । लेख्ने बानी, द्रुतलेखन, सुन्दर अक्षरलेखन क्षमता, हातको सन्तुलन मिलाई लेख्ने बानी, किनारा, अन्तराल छोडाइ प्राविधिक लेखन क्षमताको विकासका लागि अनुलेखन प्रारम्भिक कक्षाका लागि अपरिहार्य मानिने कुरा उल्लेख गरिएको छ । शिक्षकले विद्यार्थीहरूको स्तर र आवश्यकताअनुसार विभिन्न स्तरमा सुनेका कुरा लेख्न अभ्यास गराउने प्रक्रिया श्रुतिलेखन हो । यसले विद्यार्थीहरूमा सुनेर शुद्ध द्रुत लेखन क्षमताको विकास हुने उल्लेख गरिएकाले यस अध्ययनका लागि उक्त पुस्तक उपयुक्त र सान्दर्भिक देखिन्छ ।

भट्टराई र ढुङ्गेल (२०७२) द्वारा 'माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति' पुस्तकमा अक्षर केलाई भनिन्छ ? अक्षर कसरी बन्दछन् ? अक्षर बन्नका लागि कुन कुन कुरा आवश्यक पर्दछ भनेर उल्लेख गरिएको छ । नेपालीमा क्, ख्, ग्, घ्, .... वर्ण मात्र हुन् । यी स्वरसँग मिलेर आउँदा मात्र अक्षर बन्दछन् । जस्तैः क (क्+अ), खा (ख्+आ), कि (क्+इ) .... । नेपालका स्वरवर्ण आफैंमा अक्षर र व्यञ्जन आफैंमा अक्षर नहुने र स्वरवर्णसँग मिलेर आउँदा मात्र अक्षर हुने कुरा उल्लेख गरिएको छ । यसैगरी शिरबिन्दु, चन्द्रबिन्दु र हलन्तको पनि वर्णन गरिएकाले यस अध्ययनका लागि उक्त पुस्तक सान्दर्भिक देखिन्छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

सिलवाल (२०६६) द्वारा 'कक्षा दुईमा अध्ययनरत बालबालिकाको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्रमा कक्षा दुईमा अध्ययनरत बालबालिकाहरूको विभिन्न साधान र माध्यमको प्रयोग गरी अक्षरलेखनको क्षमताको लेखाजोखा गर्नु, अनुलेखन,

श्रुतिलेखन र गृहकार्यको तुलनात्मक विश्लेषण गर्नु उद्देश्यको रूपमा राखिएको छ । नुमना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको उक्त शोधपत्रमा अनुसन्धानका लागि सिन्धुपाल्चोक जिल्लाका चारवटा विद्यालयका पाँच/पाँच जना गरी २० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा राखिएको छ, जसमा स्वरवर्ण, व्यञ्जन वर्ण, सग्ला अक्षर भएका शब्दहरू, मात्रा लागेका शब्दहरू, चन्द्रबिन्दु लागेका शब्दहरू सरल वाक्यको अनुलेखन, श्रुतिलेखन र गृहकार्यको विश्लेषण गरिएको छ । अक्षरलेखन गराउने क्रममा पहिले नै अक्षर लेख्न नलगाई विभिन्न प्रकारका धर्काहरूद्वारा लेख्ने अभ्यास गराउने, थोप्लो, बिन्दु वा अक्षरको आकृति बनाई भर्न लगाउने जस्ता कार्यकलापहरूको चर्चा गरिएकाले उक्त शोधपत्र यस अध्ययनका लागि सान्दर्भिक देखिन्छ ।

नेपाल (२०६७) द्वारा ‘कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन’ शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरू कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना, लैङ्गिक आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना र उक्त विद्यार्थीहरूमा निवेदन लेखनसम्बन्धी कमी कमजोरी पहिचान गरी निराकरणका उपाय रहेका छन् । उक्त अध्ययन गर्दा जनसङ्ख्या प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण र सामग्रीको मानकीकरण तथ्याङ्कको सङ्कलन तथ्याङ्कको तालिकीकरण व्याख्या र विश्लेषण गरी प्रस्तुत गरिएको छ । निवेदन लेखनको अध्ययनका क्रममा संस्थागत विद्यालयका ९७ प्रतिशत विद्यार्थीहरूले ५० प्रतिशतभन्दा माथि रहेकाले उच्च देखिएको र सामुदायिक विद्यालयमा ४० प्रतिशत विद्यार्थीहरू ५० प्रतिशतभन्दा माथि रहेकाले सन्तोषजनक रहेको, छात्र समूहका विद्यार्थीहरू छात्रा समूहका तुलनामा केही सक्षम रहेका, निवेदनको सामान्य ढाँचा, भाषिक शुद्धता, शिल्पशैली, निवेदन लेखनको सङ्गठनात्मक ढाँचा आदि पक्षमा विद्यार्थीहरू जानकार रहेका तर अभ्यासको कमीले त्रुटि रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्र शोधार्थीका लागि सान्दर्भिक देखिन्छ ।

भट्टराई (२०६८) द्वारा 'काठमाडौं दक्षिण भेगमा बाल कक्षा (पूर्व प्राथमिक) मा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र बाल कक्षामा अध्ययनरत विद्यार्थीहरूको सग्ला अक्षर र मात्रा लागेका अक्षरलेखन क्षमता पहिल्याउनु, लैङ्गिक, भाषिक पृष्ठभूमि तथा जातीयताका आधारमा अक्षरलेखन क्षमता पहिचान गर्नु, विद्यार्थीहरूमा अक्षरलेखन क्षमता अभिवृद्धि गराउनका लागि आवश्यक सुझाव दिनु उद्देश्य राखिएको छ । मुख्य रूपमा प्राथमिक स्रोतका सामग्रीलाई आधार बनाइ तथ्याङ्क सङ्कलन गरिएको पाइन्छ । पूर्व प्राथमिक तहका शिक्षण सिकाइ प्रक्रियाको प्रारम्भबिन्दु भएकाले माथिल्लो तहको शिक्षण प्रक्रिया सम्पन्न गर्न र विद्यार्थीहरूको लेखन क्षमता अभिवृद्धिका लागि उक्त अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ र शोधार्थीलाई शोधकार्य सम्पन्न गर्न सान्दर्भिक देखिन्छ ।

लामा (२०६९) द्वारा 'काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यसमा शोधपत्रमा काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको विभिन्न पृष्ठभूमिका आधारमा निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु, कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा देखिएका निबन्धलेखनसम्बन्धी समस्याहरू पहिचान गरी समस्या निराकरण गर्न आवश्यक उपाय पहिल्याउनु उद्देश्यहरू निर्धारण गरिएका छन् । उक्त अध्ययन सम्पन्न गर्न क्षेत्रीय सामग्री सङ्कलन विधि अपनाइएको छ । समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कको आधारमा हेर्दा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन शोधार्थीका लागि शोधपत्र सम्पन्न गर्नका लागि उपयुक्त देखिन्छ ।

गौतम (२०७२) द्वारा 'काठमाडौं उपत्यकाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरू काठमाडौं उपत्यकाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा

विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक अध्ययन र काठमाडौं उपत्यकाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको कथालेखनसम्बन्धी देखापरेका कमी कमजोरी निराकरणका उपायहरू पत्ता लगाउनु रहेको छ । भाषिक पृष्ठभूमिका आधारमा, लैङ्गिकताका आधारमा कथालेखन क्षमताको जाँचगरी तुलनात्मक अध्ययन र सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा रचना क्षमता बलियो रहेको निष्कर्ष निकालिएको छ । विद्यार्थीहरूको लेखनक्षमता तथा सिर्जनात्मक क्षमताको विकास गराउनका लागि उक्त अध्ययन उपयोगी रहेको छ । उक्त शोधपत्र यस अध्ययनका लागि सान्दर्भिक देखिन्छ ।

ढकाल (२०७२) द्वारा 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु र लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउनु उद्देश्य राखिएका छन् । उक्त अनुसन्धानले विद्यार्थीहरूको स्तर, तह, क्षमता र मनोवैज्ञानिक पक्षहरूको ख्याल गर्दै शिक्षणलाई योजनाबद्ध र स्तरीकृत तरिकाले सञ्चालन गर्नुका साथै विद्यार्थीमा लेखाइ सिप र अभिव्यक्ति क्षमताको विकासमा टेवा पुऱ्याउने देखिन्छ । साथै शोधार्थीका लागि पनि सान्दर्भिक रहेको देखिन्छ ।

दाहाल (२०७२) द्वारा 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको सग्ला अक्षर र मात्रा लागेका अक्षरलेखन क्षमता पहिचान गर्नु, लैङ्गिकता, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमताको पहिचान गरी विश्लेषण गर्नु र विद्यार्थीहरूका अक्षरलेखन क्षमता कार्यमा समस्याका क्षेत्रहरू पहिचान गरी समस्या समाधानका लागि आवश्यक सुझाव दिनु उद्देश्यहरू निर्धारण गरी सर्वेक्षण विधिमा आधारित भई शोधपत्र तयार पारिएको छ । यस अध्ययनले पनि अध्येयतालाई सहयोग पुग्ने भएकाले सान्दर्भिक देखिन्छ ।

बल्लभ (२०७२) द्वारा 'काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधमा काठमाडौं जिल्लाका कक्षा एघारमा पढ्ने विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता पत्ता लगाउनु, छात्र र छात्रा विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको तुलना गर्नु र सामुदायिक र संस्थागत उच्च माध्यमिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको विज्ञपान लेखन क्षमताको विश्लेषण गर्नु उद्देश्य निर्धारण गरिएका छन् । सर्वेक्षण विधि अवलम्बन गरी आवश्यक तथ्य सङ्कलन गरिएको उक्त शोधमा सामुदायिकभन्दा संस्थागत माध्यमिक विद्यालयको विज्ञापन लेखन क्षमता सन्तोषजनक रहेको र छात्र र छात्रामा छात्रहरूको विज्ञापन लेखन राम्रो रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी उक्त अध्ययनबाट विज्ञापन लेखनमा सङ्गठनात्मक ढाँचामा विज्ञापन लेखनतर्फ विद्यार्थीहरू त्यति स्पष्ट नभएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले पनि अध्येयतालाई सहयोग पुग्ने भएकाले सान्दर्भिक देखिन्छ ।

भण्डारी (२०७२) द्वारा 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु र छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना गर्न उद्देश्य निर्धारण गरिएको छ । उक्त अध्ययनमा सम्पन्न गर्न विभिन्न विधिहरू अवलम्बन गरिएको छ, जसअन्तर्गत सर्वेक्षण विधि, क्षेत्रीय सामग्री सङ्कलन विधि र तथ्याङ्क सङ्कलन अध्ययन विधिको प्रयोग गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन विद्यार्थीहरूमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्नका लागि उपयोगी रहेको छ । यस शोधपत्रलाई सम्पन्न गर्न पनि सान्दर्भिक देखिन्छ ।

रिजाल (२०७२) द्वारा 'काठमाडौं जिल्लाका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रमा काठमाडौं जिल्लाका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन

क्षमता पत्ता लगाउनु, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूबिच निमन्त्रणा लेखन क्षमता पत्ता लगाई निराकरणका उपाय सुझाउनु उद्देश्य निर्धारण गरिएको छ । समग्रमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा हेर्दा सम्पूर्ण विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले पनि अध्येयतालाई सहयोग पुग्ने भएकाले सान्दर्भिक देखिन्छ ।

## २.२ पूर्वकार्यको पुनरावलोकनको महत्त्व

शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोधपत्र तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के-कति अध्ययन, खोज अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्वकार्यको खोज भनिन्छ (ओझा र गिरी, २०५८ : ५३) । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट गरी पारिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनाहरूलाई हटाउन, सम्भावित त्रुटिहरू जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँदछ ।

कुनै पनि विषयमा शोधकार्य गर्नुभन्दा पहिले विगतमा त्यससम्बन्धी गरिएको खोज अनुसन्धानका बारेमा अध्ययन गर्नुका साथै आफूले गर्न लागेका विषयसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित कृतिहरूको अध्ययन गर्नु पर्ने हुन्छ । अनुसन्धानका क्रममा यी विभिन्न कार्य गर्नुलाई नै पूर्वकार्यको अध्ययन भनिन्छ । यो एक महत्त्वपूर्ण कार्य हो ।

## २.३ अक्षरलेखनको सैद्धान्तिक अवधारणा

भाषा मानव सभ्यता र संस्कृतिको घोतक हो । यसले एकातिर मानव सभ्यताको इतिहास बचाएर राख्दछ भने अर्कोतिर यो मानव प्रयोगद्वारा नै जीवन्त बन्दछ । भाषाका कथ्य र लेख्य दुई रूप रहेका छन् । यसको प्राचीन रूप कथ्य भएता पनि शैक्षिक तथा प्रशासनिक कार्यमा भाषाको लेख्य रूपले बढी प्राथमिकता पाएको छ । त्यसैगरी भाषाका चारवटा सिप रहेका छन्, जसमा सुनाइ र बोलाइ सरल सिप हुने भने पढाइ र लेखाइ

जटिल सिप हुन् । एउटा सिपको प्रभाव अर्को सिपमा पर्ने भएकाले यी चारवटै सिपको विकास हुनु जरुरी हुन्छ । अहिलेको परिवेशमा कथ्य भाषाभन्दा लेख्य भाषा नै मौलाएको हुँदा लेखन सिपको विकासका लागि प्राथमिक तहदेखि नै अक्षरलेखनतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने हुँदा यो एक महत्त्वपूर्ण कार्य मानिन्छ ।

श्वासप्रवाहमा बाधा उत्पन्न नभइकन उच्चारण हुने ध्वनि नै स्वर ध्वनि हो । यिनमा आक्षरिकताको गुण पाइन्छ । फलस्वरूप यिनले एकल रूपमा वा व्यञ्जनसँग मिलेर अक्षरको निर्माण गर्दछन् (भुसाल, २०७१ : ४७) । स्वर ध्वनिहरू अपेकृत रूपमा बढी श्रवणीय हुन्छन् यी ध्वनिहरूको उच्चारण अन्य ध्वनिको सहरा बिना नै हुन्छ ।

फोक्सोको एक सासको एक पकडले उच्चारित हुने वर्ण वा वर्णहरूको समूह अक्षर हो (अधिकारी, २०६८ : ४४) । एकभन्दा बढी वर्णहरू मिलेर अक्षर बन्दछ तर व्यञ्जन-व्यञ्जनको मेलबाट मात्रै अक्षर बन्दैन अक्षर बन्नका लागि श्वर वर्ण हुनै पर्दछ । कुनै पनि शब्दमा कतिवटा अक्षर छन् भनेर छुट्याउन त्यसमा कतिवटा स्वरवर्ण उच्चारित छन् भनेर हेर्नुपर्दछ । शब्दमा व्यञ्जन वर्ण जति गाँसिए पनि यद्यपि त्यसमा स्वरर्ण एउटा मात्र छ भने अक्षर पनि एउटा मात्र हुन्छ । भाषामा कुनै पनि शब्द बन्नका लागि कम्तीमा एउटा अक्षर हुनु आवश्यक छ । शब्दमा के-कति अक्षर छन् भनी तिनको सीमा ठम्याउन सकेमा शब्दहरूको सही ढङ्गले उच्चारण गर्न सकिन्छ ।

वर्णभन्दा माथिल्लो भाषिक एकाइलाई अक्षर भनिन्छ । अर्थात् श्वास प्रवाहको खास गति वा झट्कामा उच्चारित हुने ध्वनि समूहलाई अक्षर भनिन्छ । अक्षरमा कम्तीमा एउटा स्वर ध्वनि हुन्छ । व्यञ्जनवर्ण, स्वरवर्णको सहायताबिना अक्षर बन्न सक्दैनन्, त्यसैले स्वरवर्ण स्वतन्त्र र अनाश्रित छन् भने व्यञ्जनवर्ण परतन्त्र र आश्रित छन् । नेपालीमा क्, ख्, ग्, घ्, ....., वर्ण मात्र हुन् । यी स्वर वर्णसँग मिलेर आउँदा मात्र अक्षर बन्दछन्; क (क्+अ), ख (ख्+अ), कि (क्+इ) .... (भट्टराई र ढुङ्गेल, २०७२ : ८) । भाषाका चारवटा सिपमा लेखन सिपको विकास गराउन प्राथमिक तहबाटै अक्षरलेखनको सुरुवात गराइन्छ । स-साना बालबालिकाहरूले कलम समात्नसम्म नजान्ने भएकाले अक्षरलेखन गराउन विभिन्न कठिनाइ सिर्जना हुन आउँछन् । तसर्थ अक्षर लेखन सिकाउँदा थोप्लाहरू मिलाइ तथा विभिन्न धर्काहरू कोर्न सिकाइ अक्षर लेख्न सिकाउन सकिन्छ । यो एक जटिल पूर्ण कार्य हो ।

लेखाइको आवश्यकतालाई ध्यान दिँदा त्यसको अभ्यास प्रारम्भिक कक्षादेखि नै हुनुपर्ने आउँछ । बोली फुटेका बालक विद्यालय प्रवेश गरेपछि अक्षर सुन्ने, बोल्ने र पढ्ने क्रममा अघि बढ्छ । यसै क्रममा अक्षरहरूको चिनारी गराउने र लेख्न लगाउने भाषिक क्रियाकलाप नै अक्षरलेखन हो (लामिछाने, २०६३ : ११६) । लेख्य तथा पाठ्यभाषासँग अभिमुख गराउने क्रियाकलाप अक्षर चिनारीबाटै सुरु हुन्छ तसर्थ सबै बालबालिकाहरूले अक्षर चिन्न, उच्चारण गर्न पढ्नुका साथसाथै अक्षर लेखनमा पनि सक्षम हुनुपर्दछ ।

## २.४ लेखनकला शिक्षणका कार्यकलापहरू

### २.४.१ यान्त्रिक लेखन

लिपि चिह्न, वर्णविन्यास, विषयवस्तु र पात्र जस्ता पक्षहरूको अनुकरणमा आधारित लेखनका ढङ्ग ढाँचा वा प्रविधि पक्षमा जोड दिइने लेखनलाई यान्त्रिक वा आभ्यासिक लेखन भनिन्छ (पौडेल, २०७० : ८८) । अक्षर लेखन, अनुलेखन, श्रुतिलेखन, साफीलेखन आदि कार्यकलाप यान्त्रिक लेखनमा गराउन सकिन्छ । निश्चित दायरा, क्रम, प्रविधि र प्रक्रिया अपनाएर गरिने लेखनलाई यसै भित्र समेटिन्छ तथा यस्तो लेखनको प्रकृति अभ्यासमा आधारित हुने भएकाले यसलाई आभ्यासिक लेखन पनि भन्न सकिन्छ । यसमा अनुकरणात्मकता रहेको हुन्छ ।

### २.४.२ निर्देशित लेखन

निर्देशित लेखन सुनिश्चत ढङ्ग ढाँचा, बुँदा, पूर्वनिर्धारित सङ्केत र शिक्षकका निर्देशनअनुसारका सुनिश्चित प्रविधिमा आधारित हुने लेखन हो (पौडेल, २०७० : ८९) । उक्त लेखन पनि अभ्यासिक प्रकृतिकै हुन्छ र यो लेखन यान्त्रिक लेखन अभ्यासपछि गरिन्छ । निर्देशित लेखाइमा कुनै खास ढाँचाको अनुसरण गरी लेख्ने अभ्यासलाई प्रमुखता दिइन्छ । यसमा निश्चित साङ्केति बुँदाहरू दिई तिनको विस्तार गर्न लगाइन्छ (अधिकारी र शर्मा, २०७३ : ९५) । सारांश, संक्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद, प्रबन्ध/निबन्ध, चिठी र निवेदन आदि निर्देशित लेखनअन्तर्गत पर्दछन् र यि सबै अभ्यासिक प्रकृतिकै हुन् । यसबाट विस्तारै स्वतन्त्र वा सिर्जनात्मक लेखनका लागि महत्त्वपूर्ण आधार तयार हुन्छ ।

### २.४.३ स्वतन्त्र तथा सिर्जनात्मक लेखन

स्वतन्त्र लेखन कुनै खास शीर्षकमा आधारित भएर आफ्नो वैयक्तिक अनुभव र सुझका आधारमा कुनै पूर्व निर्धारित बुँदाहरूको नियन्त्रणभन्दा बाहिर रही लेख्ने खालको लेखन हो (पौडेल, २०७० : ८९) । स्वतन्त्र लेखनमा विद्यार्थीहरू आफ्नो सोचविचार प्रयोग गर्न फुक्का हुन्छन् । विद्यार्थीहरूलाई कुनै शीर्षक दिई आफ्नो सोचविचारअनुसार उक्त शीर्षकमा आधारित रहेर लेख्ने अभ्यास गराइन्छ । यो निर्देशित लेखन पश्चात् गरिने भएकाले निर्देशित लेखाइमा अभ्यास भएका विद्यार्थीहरूको लेखाइको आफ्नो अनुभवलाई सहजै सवतन्त्र लेखनमा उपयोग गर्न सक्दछन् ।

सिर्जजनात्मक लेखाइ स्वतन्त्र लेखाइ जस्तै मौलिक लेखाइ हो । तर स्वतन्त्र लेखाइभन्दा सिर्जनात्मक लेखाइ अझ परिपक्व हुन्छ (अधिकारी र शर्मा, २०७३ : ९६) । यसमा विद्यार्थीहरू आफ्नो विचार र भाषिक क्षमताको मौलिकता देख्न पाइन्छ । त्यसैले स्वतन्त्र लेखाइलाई यस लेखाइको पूर्व तयारी पनि भन्न सकिन्छ । निर्देशित र स्वतन्त्र लेखाइ मात्र पर्याप्त ठान्नु हुँदैन यी दुवैले विद्यार्थीहरूको सिर्जनात्मक क्षमता अधिकतम रूपमा प्रस्तुत नहुन पनि सक्छ । मौलिकता, काल्पनिकता र शिल्पशैलीको आवश्यक मात्रामा उपयोग गरी लेख्न पाइने भएकाले यसमा वैयक्तिकताको प्रभाव रहेको हुन्छ । यसप्रकारको लेखनमा सुरुसुरुमा केही निर्देशित अभ्यास आवश्यक परे पनि विस्तारै त्यसको मात्रा घट्दै गई साहित्यिक वा साहित्येतर दुवै किसिमको उच्च स्तरीय लेखन प्रक्रिया स्वतन्त्र प्रकृतिबाट अगाडि बढाइन्छ । उक्त लेखनमा आफूले जानेका, सुनेका अक्षरहरूमध्ये आफू खुशी स्वतन्त्र रूपमा लेखन अभ्यास गरिन्छ । प्रारम्भिक कक्षामा सामान्य रूपमा स्वतन्त्रलेखन गराए पनि माथिल्ला कक्षाहरूमा केही विशिष्ट खालको अभ्यास गराइन्छ । जस्तैः कविता, कथा, संवाद, नाटक, निबन्ध समीक्षा, प्रतिवेदन आदि लेखन यसका उदाहरण हुन र यो उच्च स्तरीय लेखन मानिन्छ । यसबाट सिर्जनात्मक लेखनको विकासका साथै मौलिकताको पनि विकास हुने गर्दछ ।

## २.५ अक्षरलेखनका प्रारम्भिक कार्यकलापहरू

पूर्व प्राथमिक तहदेखि माध्यमिक तहसम्म र अझ त्यसभन्दा माथिल्ला तहसम्म आवश्यकअनुसार उपयोग गर्न सकिने लिखित अभिव्यक्ति सिप विकाससम्बन्धी कार्यकलापलाई प्रारम्भिक कार्यकलाप भनिन्छ (पौडेल, २०७० : ८९) । लेखनकलालाई शुद्ध, स्पष्ट र प्रभावकारी बनाउन भाषा शिक्षकले विषयवस्तुको प्रकृति विद्यार्थीहरूको स्तरलाई ध्यानमा राखेर शिक्षण कार्यकलापको सदुपयोग गर्नुपर्दछ । प्रारम्भिक तहका बालबालिकालाई लेखनकलामा निपूर्ण बनाउनका लागि निम्न लिखित कार्यकलापहरू गराउन सकिन्छ :

### २.५.१ हस्तलेखन

कुनै पनि अक्षर, शब्द, पदावली वा वाक्यलाई दोहोऱ्याई लेख्ने अभ्यासलाई हस्तलेखन भनिन्छ (पौडेल, २०७० : ८९) । नमुना शब्द वा वाक्यलाई धेरै पल्ट दोहोऱ्याई यस्तो अभ्यासले विद्यार्थीहरूको अक्षर लेखाइलाई राम्रो बनाउन मद्दत मिल्दछ । यस प्रकारको कार्यकलाप विद्यार्थीहरूमा राम्रा र सफा अक्षर बनाएर लेख्ने, कलात्मक ढङ्गले शब्द योग वियोग र वाक्य संरचना गर्ने क्षमता तथा लेखाइको गति र आदत बढाउने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ । विद्यार्थीहरूको तह र स्तरलाई हेरेर सग्ला अक्षर भएका शब्द दुई शब्दे पदावली दुई शब्दे वाक्य र छो-छोटा अनुच्छेदहरू दिएर हस्तलेखन गराउन सकिन्छ (पौडेल, २०६६ :३१९) । उक्त अभ्यासद्वारा विद्यार्थीहरूमा अक्षरलेखन सिपको विकास हुन्छ । प्रारम्भिक तहका बालबालिकाहरूलाई हस्तलेखनसम्बन्धी अभ्यास गराउँदा कापीमा ठूला र राम्रा अक्षरहरू लेखिदिएर दोहोऱ्याई तेहेऱ्याई लेख्न लगाई, बिन्दु-बिन्दु गरी लेखिएका अक्षरहरूलाई जोड्न लगाई तथा कापीको पाना भरी केही अक्षर लेखी त्यसै माथी लेख्न लगाउने जसले गर्दा विद्यार्थीहरूको लेखन कलामा सुधार आउँदछ ।

### २.५.२ अनुलेखन

अनुलेखनलाई सामान्य अर्थमा सार्नु भनेर बुझिन्छ । अनुलेखन लिपिबद्ध सामग्री सार्ने अभ्यास हो (अधिकारी र शर्मा, २०७३ : ९२) । सार्नुले हस्तलेखनलाई पनि जनाउँछ तर अनुलेखन चाहिँ केही वाक्य, अनुच्छेद वा पाठलाई जस्ताको तस्तै सार्ने शुद्ध, स्पष्ट र कलात्मक अक्षरमा लिपिबद्ध गर्ने कार्य हो । भर्खर मात्र अक्षर चिनेर लेखाइमा लागेका बालबालिकाका निम्ति क्रमशः केही पाठगत शब्दहरू, वाक्यहरू, पुरै पाठ समेत सार्न

लगाउन सकिन्छ (पौडेल, २०६६ : ३१८) । खासगरी लेख्ने बानी, द्रुतलेखन अभ्यास, सुन्दर सफा अक्षर लेख्ने क्षमता, शुद्ध वर्णविन्यास आदि लगायत आँखा र हातको सन्तुलन मिलाई लेख्ने बानी र किनारा अन्तराल आदि मिलाउन यसले सहयोग गर्दछ । बालबालिकाहरूलाई कापीमा केही वाक्यहरू लेखि दिएर जस्ताको तस्तै सार्न दिनुपर्दछ । लेखन पाटीमा वाक्यहरू राम्रा अक्षरमा लेखी सार्न तथा अभ्यास पुस्तिकाबाट विभिन्न अनुलेखनका अभ्यास गराउन सकिन्छ जसले गर्दा स-साना बालबालिकाको अनुलेखनमा सुधार आउँदछ ।

### २.५.३ श्रुतिलेखन

श्रुतिलेखन भन्नाले सुनेर लेख्ने अभ्यास हो । यस लेखनमा भन्ने र भनेका कुरा सुनेर लेख्ने अभ्यास गरिन्छ । शिक्षकले कक्षाकोठामा विद्यार्थीको स्तरअनुसार दृष्टांश अनुच्छेदहरूको उपयोग गरी आफूले भन्दै जाने र विद्यार्थीहरूलाई लेख्न लगाउँदा विद्यार्थीहरूमा सतर्कता पूर्वक सुन्ने र सोहीअनुसार लिपिबद्ध गर्दा लेखाइको गति बढ्ने गर्दछ । शिक्षकले कुनै शब्द, पदावली, वाक्य र समूह वा अनुच्छेद भन्ने र सुनेका आधारमा विद्यार्थीहरूलाई अभ्यास गराउने कार्यलाई श्रुतिलेखन भनिन्छ (अधिकारी, २०६५ : १८६) । यो पूर्ण आभ्यासिक कार्यकलाप हो । श्रुतिलेखनका क्रममा शब्द तहमा, पदावली तहमा, वाक्य/उपवाक्य तहमा अनुच्छेदहरूको पनि उपयोग गर्न सकिन्छ तर प्रारम्भिक तहका कक्षाहरूमा भने विद्यार्थीहरूले पढिसकेको दृष्टांश अनुच्छेदहरूको उपयोग गर्नु उचित हुन्छ ।

लेखनकला कमजोर हुन नदिन प्रारम्भिक कक्षाहरूबाटै अक्षर लेखनतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने आवश्यक देखिन्छ । सिर्जनात्मक लेखनका अभ्यास सामान्य व्यावहारिक तथा व्यक्तिगत कार्य सम्पादनका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र नहुने भएकाले बालबालिकाहरूलाई दक्ष बनाउन लेखन शिक्षणको आवश्यक पर्दछ ।

## २.६ परम्परागत नेपाली वर्णमालाको परिचय

बालबालिकाहरूलाई लेख्य भाषासँग परिचित गराउन सर्वप्रथम शिक्षक आफैं नेपाली भाषामा प्रचलित परम्परागत वर्णमालामा रहेका लिपिचिह्नहरूको स्थितिसँग परिचित हुनुपर्छ । उनीहरूलाई लेख्य तथा पाठ्य भाषासँग अभिमुख गराउने कार्यकलाप अक्षर चिनारीबाट नै सुरु हुन्छ (अधिकारी र शर्मा, २०७३ : ३१) । निम्नानुसारका लिपिचिह्नहरूले परम्परागत वर्णमालाको प्रतिनिधित्व गरेको पाइन्छ :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः (१३)

क, ख, ग, घ, ङ

च, छ, ज, झ, ञ

ट, ठ, ड, ढ, ण

त, थ, द, ध, न

प, फ, ब, भ, म


य, र, ल, व, श

ष, स, ह, क्ष, त्र, ज्ञ (३६)

वर्णमालामा रहेका उक्त ४९ वटा लिपिचिह्नहरूको उपयोग गरेर नेपाली भाषा लेख्ने गरिन्छ । बालबालिकाहरूले लिपिबद्ध भाषा पढ्न तथा सिक्नका लागि यी चिह्नहरूको पहिचान गर्नुपर्ने हुन्छ । अतः पढ्न जान्नुभन्दा पहिले वर्णमालाहरूका अक्षरको चिनारी आवश्यक हुन्छ । वर्णमालाका यिनै लिपिचिह्नहरूलाई नै यहाँ अक्षर भनिएको छ ।

## २.७ सग्ला अक्षर चिनारी तथा लेखन शिक्षण

बालबालिकाहरूलाई सग्ला अक्षर चिनाउनुभन्दा पहिले शिक्षकले वर्णमालाका अक्षरहरूको आकार प्रकारअनुसार तिनको सरल, जटिल क्रम निर्धारण गर्नु उपयुक्त हुन्छ । अक्षर सिकाउँदा सरलबाट जटिल, ज्ञातबाट अज्ञाततिर लैजानु पर्दछ । परम्परागत वर्णमालामा अक्षरहरूलाई तिनको आकार प्रकारको सरलता-जटिलताअनुसारको क्रममा राखिएको हुँदैन त्यसकारण वर्णमालाको परम्परागत क्रमलाई नविगारी 'क' देखि वा 'अ' देखि अक्षरहरूको चिनारी गराउनुभन्दा पहिले तिनका आकारप्रकारको गहिराइका साथ अध्ययन गरी अक्षर लेख्न सजिलो हुने गरी क्रम निर्धारण गर्न सकिन्छ । नेपाली वर्णमालाका अक्षरहरूको आकारप्रकारको अध्ययन गर्दा यिनको बनोटमा सामान्यतः विभिन्न रेखाहरूको उपयोग हुन्छ । जस्तै :



बालबालिकाहरूलाई यस्ता रेखाहरूको आकारप्रकार चिन्ने अभ्यास गराउनु आवश्यक छ । साथै ठूला आकारका यस्ता धर्काहरूलाई मोटो कागजका टुक्राहरूमा लेखी टुक्रेपत्ती बनाउन सकिन्छ । वर्णमालाका अक्षरहरूको आकार हेर्दा केबाट अक्षर लेख्न

सिकाउनु मनोवैज्ञानिक क्रमको विरुद्ध देखापर्छ । 'क' सिकाउनुभन्दा पहिले त, व जस्ता अक्षर सिकाउन सकिएमा 'क' सिकाउन सजिलो हुन्छ (अधिकारी र शर्मा, २०७३ : ३५) । प्राथमिक तहका बालबालिकाहरूले कलम समेत समात्न जानेका हुँदैनन् त्यसकारण सर्वप्रथम ती बालबालिकाहरूलाई कलम समात्न सिकाउँदा विभिन्न किसिमका धर्का कोर्न लगाउने जसले गर्दा विद्यार्थीहरूले सही ढङ्गले कलम समात्न र चलाउन सक्दछन् । कहिलेकाही बालबालिकाहरूलाई स्वइच्छाले धर्का कोर्न दिनुपर्दछ, जसकारण स्वतन्त्र रूपले लेख्ने बानीको विकास हुन्छ ।

## २.८ आधार अक्षर र त्यसबाट बन्न सक्ने अक्षरहरू

अक्षर सिक्नका लागि खास किसिमका अक्षर जाने भने तिनका आधारमा अरू अक्षरहरू चिन्न र लेख्न सरल हुन्छ । अर्थात् आधार अक्षर जानिसकेपछि तिनको बनोटलाई आधार बनाई अरू अक्षर चिह्न र लेख्न सकिन्छ । जस्तै : 'ग' सिकेपछि 'म' सिक्दा केही रूपमा 'ग' को आकृति बनाउने अभ्यास हुनुका साथै त्यसलाई 'म' को आकृतिसम्म पुऱ्याउने क्रमशः थप नयाँ अभ्यास पनि हुन जान्छ । 'म' पछि 'भ' र त्यसपछि 'झ' बनाउँदा बालबालिकाहरूलाई लेख्न सजिलो हुन्छ ।

| आधार अक्षर | बन्न सक्ने अक्षरहरू |
|---|---|
| ग | म, भ, झ, ण, य, थ |
| त | न, ल, ज, ज्ञ |
| ट | ठ, ढ, द, क्ष, क, ङ, ह, इ, ई |
| र | ए, ऐ, स, श, ख |
| प | ष, फ, घ, ध, छ |
| ए | ऊ, अ, आ, ओ, औ, अं, अः |
| क्त | ञ, ऋ |

(अधिकारी र शर्मा, २०७३ : ३६)

उक्त किसिमको तालिका अनुसरण गरी बालबालिकाहरूमा अक्षरलेखनको सामान्य अभ्यास गराएपछि अन्त्यमा परम्परागत वर्णमालाको क्रममा नै अक्षरलेखनको पुनरावृत्तिका अभ्यासहरू गराउन सकिन्छ (अधिकारी र शर्मा, २०७३ : ३७) । प्राथमिक तहका बालबालिकाहरूलाई आधारअक्षरको चिनारी र लेखन गराई क्रमशः अन्य अक्षरमा अभ्यास

गर्न तिर प्रवृत्त गराएमा उनीहरूले अक्षर छिटो लेख्न सिकेको कुरा अध्ययन र अनुभवले प्रमाणित भएको छ ।

## २.९ मात्रा सहितका अक्षरको चिनारी

मात्रा सहितका अक्षरहरू बालबालिकाहरूलाई चिन्न सिकाउनुभन्दा पहिले वर्णमालाका अक्षरमा मात्रा लागेका अक्षर कसरी बन्दछन् भन्ने सिकाउनु आवश्यक हुन्छ । देवनागरीक लिपिका वर्णमालामा मात्रा जनाउने अलग्गै छन् । तिनमा आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औ जस्ता स्वरका लागि निम्नानुसारका मात्रा चिह्नहरूको उपयोग हुन्छ :

| स्वर | मात्रा चिह्न | उदाहरण | | |
|---|---|---|---|---|
| आ | ँ | क + ा | = का | काका, मामा, पापा |
| इ | ी | ट + ि (इ) | = टि | टिन, चिल, शिर |
| ई | ी | ह + ी (ई) | = ही | दही, पानी, सारी |
| ए | ु | म + ु (उ) | = मु | मुख, लुगा, गुफा |
| ऊ | ू | ज + ू (ऊ) | = जू | जून, दूध, धूप |
| ए | े | त + े (ए) | = ते | तेल, खेल, केटी |
| ऐ | ै | प + ै (ऐ) | = पै | पैसा, थैली, मकै |
| ओ | ो | झ + ो (ओ) | = झो | झोला, बोरा, गोडा |
| औ | ौ | फ = ौ (औ) | = फौ | फौज, मौरी, दौरा |

(अधिकारी र शर्मा, २०७३ : ४०)

विभिन्न अक्षरमा मात्रा चिह्नहरू लाग्दा तिनको उच्चारण र आकारमा पनि भिन्नता आउँछ । बालकहरूलाई सग्ला अक्षर चिनाएपछि मात्रा लागेका अक्षरहरू चिन्न प्रवृत्त गराउनु पर्छ ।

## २.१० संयुक्त अक्षरहरूको चिनारी

बालबालिकाहरूलाई संयुक्त अक्षरहरू सिकाउँदाभन्दा पहिले ती अक्षरहरू के कसरी बनेका छन् भन्ने कुरा जान्नु आवश्यक हुन्छ । तसर्थ विभिन्न किसिमका संयुक्त अक्षरहरूको सूची बनाई तिनीहरूको सरलदेखि जटिल क्रम निर्धारण गर्नु र उक्त संयुक्त अक्षरको प्रयोग

भएका विभिन्न वस्तु तथा नाम जनाउने शब्दहरूका आधारमा तिनको लेखनको अभ्यास गराउनु आवश्यक हुन्छ ।

**संयुक्त अक्षरहरूको सूची**

| | |
|---|---|
| ठाडो धर्को हटाएर | बग्गी, बत्ती,, झन्डा, झन्न, सम्म, बच्चो, शब्द, पञ्च, कण्ठ, कस्तो, सत्य, चल्छ, बज्छ, बस्छ, ............... |
| अक्षरको केही भाग हटाएर | आफ्नो, सक्छ, बाझ्छ |
| खुट्टो काटेर | खुट्टा, लठ्ठी, हड्डी, सङ्लो, पढ्दछ |
| डब्ल्याएर (बुई चढाएर) | खुट्टा, अङ्क, भद्दा, लठ्ठी, गद्दी, रद्दी, रङ्ग |
| शिरबिन्दु लगाएर | शंख, अंबा, संसार, औंलो, भैंसी, औंसी, गौंथली |
| चन्द्रबिन्दु लगाएर | आँप, बाँस, ध्वाँसो, गएँ, दिएँ |
| रकारसम्बन्धी | सर्प, मिर्ग, चर्खा,<br>गर्‍यो, र्‍याल<br>राम्रो, भ्रष्ट, क्रिया, गाह्रो, पुर्‍याउनु, पत्र<br>राष्ट्र, ड्रम<br>कृषक, मृग, हृदय, दृश्य |
| अन्य | भक्त/भक्ति, शक्ति/शक्ति<br>बत्ती/बत्ती, पत्ती/पत्ती<br>बुद्ध/बुद्ध, शुद्ध/शुद्ध, क्रुद्ध/क्रुद्ध, बुद्धि/बुद्धि, सिद्धि/सिद्धि, उद्धार/उद्धार<br>चिह्न, ब्रह्मा, ह्वात्त, ह्वाल्ल<br>पद्य,/पद्ध, विद्या/विद्या, उद्योग/उद्योग |

(अधिकारी र शर्मा, २०७३ : ४३)

संयुक्त अक्षरको अभ्यास गराउँदा अक्षरहरूको टुक्रे पंत्ती र अक्षर पत्तीको समेत उपयोग गरी विभिन्न संयुक्त अक्षरका आकार प्रकारको राम्ररी पहिचान गराउनु पर्छ । यस क्रममा संयुक्त अक्षरहरूलाई पाटी, श्यामपाटी वा कापीमा ठूला आकारमा लेखि दिई सोहीअनुसार लेख्ने अनकरण गराउनु पर्दछ । पाठ्यपुस्तबाट पाठका अंशहरू अनुलेखन गर्न

लगाउने त्यसैगरी शिरबिन्दु तथा चन्द्रबिन्दु र शब्दको अन्त्यमा लेखिने हलन्तको प्रयोगको समेत अभ्यास गराउनु पनि आवश्यक हुन्छ । कतिपय शब्दमा ङ्, ञ्, ण्, न्, म् को सट्टा शिरबिन्दु प्रयोगमा आउँछ तर उच्चारणमा चाहिँ 'म' जस्तो हुन्छ । जस्तै : भान्छालाई भांछा, सन्चैलाई संचै लेखिएमा ठिक मानिँदैन । तसर्थ पञ्चम वर्ण लेख्न लगाउनु उत्तम हुन्छ ।

कतिपय अवस्थामा चन्द्रबिन्दुको सट्टा शिरबिन्दुको प्रयोग गरी काम चलाइन्छ । तर उच्चारण र अर्थमा फरक पर्न सक्छ तसर्थ चन्द्रबिन्दुको प्रयोगमा विशेष सावधानी पुऱ्याउनु पर्ने हुन्छ, अन्तिममा हलन्त (खुट्टो काटेर) लेखिने शब्दहरू उच्चारणअनुसार नलेखिएमा कतिपय स्थितिमा अर्थ फरक पर्न जान्छ, तसर्थ यसको पनि छुटै अभ्यास गराउनु आवश्यक हुन्छ । जस्तै : गरिन्/गरिन, सुतिन्/सुतिन, खाइन्/खाइन आदि ।

## २.११ लेखनकला शिक्षणको आवश्यकता र महत्त्व

अभिव्यक्तिको विशिष्ट सिप नै लेखाइ हो । भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । व्यक्तिले आफ्ना मनका भाव, विचारलाई अरू समक्ष प्रकट गर्दा ध्वनि सङ्केतहरूलाई लिपिका माध्यमद्वारा अभिव्यक्ति गर्दा लिखित भाषा तयार हुन्छ । मौखिक भाषाले मात्र भाषिक व्यवहार नचल्ने भएकाले लिखित अभिव्यक्तिको आवश्यकता भएको हो । भाषाका दुईवटा माध्यमसँगै भाषाका चारवटा सिप पनि रहेका छन्; सुनाइ, बोलाइ, पढाइ र लेखाइ । यी चारवटै सिपमा लेखाइ एउटा महत्त्वपूर्ण र अन्तिम सिप हो । जुन कुरालाई बोलेर व्यक्त गर्न कठिन हुन्छ त्यसलाई लेखेर व्यक्त गर्न सकिन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । व्यक्तिले अनुभव र ज्ञान हासिल गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, सम्झनामा राखिराख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोयी बनाउन लेखन महत्त्वपूर्ण मानिन्छ । लेखाइ सिपले व्यक्तिको लेखनकलालाई जोड दिन्छ ।

विद्यार्थीहरूलाई लेखन सिपको विकास गराउन लेख्य भाषामा प्रयुक्त लिपि चिह्न तिनीहरूको उच्चारणको स्वरूपसँग परिचित गराउँदै ती चिह्नहरूको लेख्य अभ्यास गराउनु पर्दछ । लेखन कला शैक्षिक, व्यावसायिक क्षेत्रमा जति उपयोगी छ, त्यति नै दैनिक व्यवहारमा पनि उपयोगी छ । हरेक व्यक्तिले जीवनमा दिनानुदिन अनेकौं व्यवहार निर्वाह गर्नुपर्छ । जस्तैः आफन्तहरूलाई कुनै खबर गर्नु, सम्झनाका लागि अभिलेखहरू राख्नु,

विविध घटनाको टिपोट गर्नु, आफूलाई परेका पिरमर्काको मुक्तिका लागि कानुनी र प्रशासनिक उपचार खोज्नु आदि । यस्ता कार्यका लागि चिठी टिपोट निवेदन आदिको आवश्यकता पर्दछ, जो लेखनकलाबाटै सम्भव हुन्छ ।

लेखनकला समग्र शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग पनि हो । शिक्षा क्षेत्रमा विद्यालयका तल्लो तहदेखि माथिल्लो तहसम्म शैक्षिक प्रक्रियाका दृष्टिले समेत लेखाइ शिक्षण महत्त्वपूर्ण मानिएको छ । प्रारम्भिक तहदेखि नै विद्यार्थीहरू लेखनकलामा कमजोर भएमा माथिल्लो तहमा पुग्न कठिनाइ सिर्जना हुन्छ । तसर्थ विद्यार्थीहरूमा यस्ता समस्या सिर्जना नहोस् भन्नका लागि प्रारम्भिक तहदेखि नै अक्षर लेखनको अभ्यास गराउँदै लैजानु आवश्यक छ । लेखन शिक्षणले विभिन्न क्षेत्रको आवश्यकता परिपूर्ति गर्ने भएकाले यसको अत्यन्त महत्त्व रहेको पाइन्छ ।

बालबालिकाहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्तिप्रति उन्मुख गराउनु प्रारम्भिक तहमा लेखाइ शिक्षणको अपेक्षा हो । अभिव्यक्ति विचारलाई लेखाइका माध्यमले सुरक्षित राख्न वा श्रोता समक्ष पुऱ्याउन लेखाइ महत्त्वपूर्ण हुन्छ । लेखनमा गति क्रमबद्धता ल्याउनुका साथै सफा र राम्रा अक्षरमा लेख्ने क्षमताको विकास, हिज्जे, चिह्न, अनुच्छेद मिलाएर लेख्ने सिपको विकास निरन्तर रूपमा हस्तलेखन, अनुलेखन, श्रुतिलेखन जस्ता कार्यकलाप गराउँदा प्रारम्भिक तहका बालबालिकाहरूमा सफा, शुद्ध र राम्रा अक्षर लेख्ने बानीको विकास हुन्छ । लेखाइमा गति क्रमबद्धता ल्याउनुका साथै अक्षरहरू चिन्नु हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सिपको विकास हुन्छ । तसर्थ प्राथमिक तह बाटै बालबालिकाहरूलाई अक्षरलेखनसम्बन्धी विभिन्न कार्यकालप गराउनु पर्ने हुन्छ । प्राथमिक तहबाटै अक्षरसम्बन्धी ज्ञान भए माथिल्ला कक्षाहरूमा विद्यार्थीहरू लेखनसम्बन्धी समस्याहरू समाधान गर्न सक्छन्, त्यसकारण अक्षरलेखन शिक्षणको अत्यन्त महत्त्व रहेको छ ।

## अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान एक औपचारिक र व्यवस्थिति अध्ययन कार्य हो । अनुसन्धानमा अपनाइने विभिन्न विधिहरूले नै अध्ययनलाई अन्तिमसम्म पुऱ्याइ उद्देश्य प्राप्त गर्नमा मद्दत गर्दछ । अनुसन्धान गर्दा सामग्री कसरी कुन स्रोतबाट सङ्कलन गरेको र विश्लेषण गरी निष्कर्षमा कसरी पुगिएको छ भनेर अध्ययन विधिले जानकारी दिन्छ । तसर्थ यस अध्ययनमा पनि निष्कर्षमा पुग्नका लागि विभिन्न विधि र प्रक्रियाहरू अपनाइएको छ । अनुसन्धान जटिल र औपचारिक कार्य भएकाले यसमा अनुसन्धेय विषयसँग सम्बन्धित केही खास विधिहरूको प्रयोग गरिन्छ । अध्ययन विधिअन्तर्गत सामग्रीको स्रोत, सामग्री सङ्कलनका उपकरण, सामग्री सङ्कलन गर्ने प्रक्रिया आदि पर्दछन् । अनुसन्धानकार्य कसरी सम्पन्न गरिएको त्यसको तथ्यको वस्तुपरक विश्लेषण हुने भएकाले अनुसन्धान विधिको विवरण महत्त्वपूर्ण मानिन्छ । जस्तोसुकै अध्ययन गर्दा पनि विधिहरूको व्यवस्थित योजना गरिनु आवश्यक हुन्छ । तबमात्र अनुसन्धानकार्य सहजै सम्पन्न हुन्छ । प्रस्तुत अध्ययन अनुसन्धानका लागि अनुसन्धानकर्ताले अपनाएका विधिहरूलाई उक्त अध्ययनमा समावेश गरिएको छ ।

उक्त अध्ययन कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई केन्द्रबिन्दु बनाई नमुना छनोट विधिबाट अध्ययन अगाडि बढाइएको छ । मूलतः क्षेत्रीय अध्ययन विधि र सर्वेक्षण विधिलाई आधार बनाएर अध्ययन गरिएको छ । यस अनुसन्धानमा अध्ययनलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण र त्यसको पूर्वपरीक्षण, परीक्षाको कार्यान्वयन तथा तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता क्षेत्रीय अध्ययन विधि तथा सर्वेक्षण विधिका पक्षहरूको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्याको पहिचान

अनुसन्धानले तोकेको क्षेत्रभित्र पर्ने लक्षित समूह नै जनसङ्ख्या हो । यस अध्ययनका लागि शैक्षिक सत्र २०७३ मा कञ्चनपुर जिल्लाको कक्षा एकमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट

अनुसन्धानका लागि लिइएको सम्पूर्ण जनसङ्ख्याबाट छानिएको अंशलाई नमुना भनिन्छ । सम्पूर्ण जनसङ्ख्याको अध्ययन अनुसन्धान गर्न सम्भव र व्यावहारिक नहुने भएकाले प्रतिनिधत्व हुने गरी नमुना छनोट गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनको नमुनाले सम्पूर्ण जनसङ्ख्याको पूर्ण रूपले प्रतिनिधित्व गरोस् भन्ने अनुसन्धानकर्ताको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनमा पनि सम्पूर्ण जनसङ्ख्याको आदि जस्ता पक्षहरूलाई अवलम्बन गरिएको छ ।

यस अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षा एकमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना विद्यार्थी प्रतिनिधिको रूपमा लिइएको छ । प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरू नमुनाका रूपमा लिइएको छ । नमुना छनोट गर्दा सम्भाव्य नमुना छनोट पद्धतिअन्तर्गत यादृच्छिक नमुना छनोट पद्धति अपनाइएको छ । ती १० वटा विद्यालयबाट ५० छात्र र ५० छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

## ३.४ तथ्य सङ्कलन प्रक्रिया

अनुसन्धानमा तथ्याङ्क सङ्कलन गरी यिनैको व्याख्या विश्लेषण गरिने भएकाले तथ्याङ्क सङ्कलनको विशेष महत्त्व रहेको हुन्छ । शोधपत्र तयार गर्नका लागि आवश्यक पर्ने सामग्री सङ्कलन प्रक्रियालाई तथ्य सङ्कलन प्रक्रिया भनिन्छ । उक्त शोध तयार पार्नका लागि निम्न प्रकारका प्रक्रिया अपनाइएका छन् ।

## ३.५ साधनको निर्माण

अनुसन्धानमा प्रयोग गरिने सामग्री व्यवस्थित र वैज्ञानिक तरिकाले निर्माण गरिएका हुन्छन् । तसर्थ अनुसन्धानको प्रकृतिक हेरी सामग्री निर्माण गर्नुपर्दछ । अनुसन्धाताले अध्ययनको प्रकृतिअनुसार सामग्री चयन गर्नुपर्दछ सामग्री बिना निष्कर्षमा पुग्न गाह्रो हुन्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकाले सोही अनुरूप सामग्री निर्माण गर्नु आवश्यक ठानियो । प्रारम्भिक तहका विद्यार्थीहरूका लागि अक्षरलेखन जटिल कार्य हो । उक्त लेखन प्रकारका १० वटा प्रश्नहरूको प्रश्नपत्र बनाएर सामग्री सङ्कलन गरिएको छ । उक्त प्रश्नपत्र बनाउने क्रममा शोधनिर्देशकको आवश्यक सल्लाह, सुझावद्वारा चयन गरिएको छ । प्रस्तुत अध्यनय पार्नका लागि निम्न प्रकारका साधन निर्माण गरी प्रयोग गरिएको छ :

### ३.५.१ प्रश्नावली

प्रस्तुत शोधपत्र तयार गर्नका लागि अक्षरलेखनसम्बन्धी प्रश्न निर्माण गरिएको छ । प्रश्नहरू बिन्दुमाथी छापेर अक्षर निर्माण गर्ने, अक्षरहरूलाई जस्ताको तस्तै सार्ने, आकार (ा) लगाएर अक्षर लेख्ने, इकार (ि, ी) लगाएर लेख्ने, ओकार (ो) लगाएर लेख्ने, उकार (ु, ू) लगाएर लेख्न, अ देखि अः र क देखि ज्ञ सम्म अक्षर लेख्ने रहेका छन् । निर्माण गरिएका प्रश्नहरू शोधनिर्देशक एमव् भाषाविद्सँग सुझावका आधारमा परिमार्जन गरियो । यसरी निर्माण गरिएका प्रश्नहरू सम्बन्धित क्षेत्रमा गई पूर्वपरीक्षण गरियो । पूर्वपरीक्षणका लागि २० जना विद्यार्थीहरूलाई छनोट गरी परीक्षण गरियो । यसबाट प्राप्त भएको प्रतिक्रियाका आधारमा प्रश्नपत्रको कठिनाइ स्तर ठम्याई आवश्यकताअनुसार संशोधन गरियो ।

### ३.५.२ परीक्षा सञ्चालन

प्रश्नावलीलाई अन्तिम रूप दिएपछि नमुना छनोटमा परेका कञ्चनपुर जिल्लाका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको परीक्षा लिइयो । परीक्षा सञ्चालन गर्दा सर्वप्रथम कक्षामा उपस्थिति सम्पूर्ण विद्यार्थीहरूमा यादृच्छिक नमुना छनोट पद्धतिअन्तर्गत चिठ्ठा प्रणालीद्वारा ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूलाई लिई शोधार्थीले तयार पारेको प्रश्नावली दिइयो । परीक्षा सञ्चालन गर्दा नमुना छनोटमा परेका

विद्यार्थीहरूलाई अलग अलग बस्ने व्यवस्था गरिएको थियो । परीक्षणका सिलसिलामा विद्यार्थीहरूको उत्साह र विद्यालय परिवारको ठूलो सहयोग तथा उपयुक्त वातावरणले अध्ययनकर्तालाई अत्यन्त सहयोग मिलेको थियो ।

### ३.५.३ तथ्य सङ्कलन

प्रस्तुत अध्यनको तथ्याङ्क भनेको नमुनामा प्रयोग गरिएका प्रश्नावलीबाट प्राप्त सूचना हो । उक्त प्रश्नावली मै उत्तर लेख्नु पर्ने भएकाले उत्तरकुञ्जिका अलग्गै तयार नपारी त्यसैमा अङ्क प्रदान गरियो । उत्तरपुस्तिका परीक्षण गर्दा सही उत्तरका लागि अङ्क प्रदान गरियो र गलत अक्षरका लागि कुनै अङ्क दिइएन र प्रत्येक प्रश्नका लागि अलग अङ्क छुट्याइएको थियो । सम्पूर्ण उत्तरपुस्तिका जाचिसकेपछि उत्तरपुस्तिकाको सिरानमा विद्यार्थीहरूले पाएका कूल अङ्क र पूर्णाङ्क अङ्कित गरियो । अङ्क गणना गर्दा शुद्धता, क्रमबद्धता, आकार, उकार, ओकार, इकारका आधारमा हेरिएको थियो । उत्तरपुस्तिका परीक्षण पश्चात् तालिकीकरण गरियो ।

## ३.६ सामग्रीको व्याख्या तथा विश्लेषण

अनुसन्धानमा सङ्कलित तथ्यालाई तथ्याङ्कन भनिन्छ । अनुसन्धानमा तथ्य सङ्कलन गरी यिनैको व्याख्या विश्लेषण गरिने भएकाले तथ्य सङ्कलनको विशेष महत्त्व हुन्छ । तथ्य सङ्कलन कुनै पनि अनुसन्धानको मेरुदण्ड हो । उक्त अध्ययन लेखनकलासँग सम्बन्धित भएकाले यसमा तथ्य सङ्कलनका रूपमा अक्षर लेखनमा अङ्कति प्राप्ताङ्कलाई लिङ्गगत, विद्यालयको प्रकृतिका आधारमा आकार, उकार, इकार, ओकार, शुद्धता, क्रमबद्धता जस्ताको तस्तै सार्ने गरेर १० वटा प्रश्नहरू रहेका थिए, जसमा निम्नानुसार अङ्क विभाजन गरियो :

(क) प्रश्न नं. १ बिन्दुमाथि छापेर अक्षर बनाउनु पर्ने थियो । यसमा ६ वटा अक्षरका लागि ०.८३ का दरले जम्मा ५ अङ्क राखियो ।

(ख) प्रश्न नं. २ र ८ अनुलेखनसँग सम्बन्धित प्रश्न थिए । यसका लागि १० वटा अक्षरका लागि २ अङ्कका दरले २० अङ्क राखियो ।

(ग) प्रश्न नं. ३, ४, ५, ६, ७ मात्रा लगाएर लेख्ने प्रकृतिका प्रश्नहरू थिए । प्रत्येक प्रश्नका लागि १० अङ्कका दरले ५० अङ्क राखियो । जसले प्रत्येक अक्षरका लागि २ अङ्क छुट्याइयो ।

(घ) प्रश्न नं. ९ र १० मा हस्तलेखनसम्बन्धी प्रश्न थिए । जसमा प्रश्न नं. ९ मा प्रत्येक अक्षरका लागि ०.९ का दरले १० अङ्क राखियो र प्रश्न नं. १० मा प्रत्येक अक्षरका लागि ०.४२ का दरले १५ अङ्क गरी जम्मा २५ अङ्क राखियो ।

समग्र समूहगत रूपमा मानक विचलन निकालिएको छ । व्याख्या विश्लेषणका क्रममा समाविष्ट विद्यार्थीहरूमध्ये मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि कति प्रतिशत विद्यार्थीहरू रहेका छन् भनेर गणना गरिएको छ । त्यसैगरी प्राप्त तथ्यका आधारमा उच्चतम स्थान र न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरिएको छ ।

यस अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन र प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमता पहिचान गरिएको छ ।

प्रस्तुत अध्यनयमा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

**(क) प्रतिशताङ्क गणना गर्न उपयोगमा आएको सूत्र**

$$P = \frac{R}{T} \times 100$$

यहाँ, P = प्रतिशत

R = तोकिएको श्रेणी प्राप्त गर्न सफल विद्यार्थीको सङ्ख्या

T = कूल विद्यार्थी सङ्ख्या

**(ख) मध्यमान गणना गर्न प्रयोगमा आएको सूत्र**

मध्यमान $(\bar{X}) = \frac{\sum X}{n}$

यहाँ

$\bar{X}$ = मध्यमान

$\sum X$ = जम्मा प्राप्ताङ्क

N = जम्मा विद्यार्थी सङ्ख्या

**(ग) मानक विचलन गणना गर्दा प्रयोगमा आएको सूत्र**

$$\sigma = \sqrt{\frac{\sum X^2 - \left(\frac{\sum X}{N}\right)^2}{N}}$$

यहाँ,

$\sigma$ = मानक विचलन

x = तथ्याङ्क (प्राप्ताङ्क)

N = कूल विद्यार्थी सङ्ख्या

# अध्याय चार

# समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ । यसमा कञ्चनपुर जिल्लाका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ । विद्यार्थीहरूको परीक्षा लिनुभन्दा पहिले नै श्रेणी विभाजन गर्नुपर्ने भएकाले उक्त अध्ययनका लागि ४० प्रतिशतभन्दा तल अङ्क ल्याउन निम्न श्रेणी, ४१ देखि ६० प्रतिशत अङ्क ल्याउने मध्यम श्रेणी, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने उत्तम श्रेणी र ८१ प्रतिशतभन्दा बढी अङ्क ल्याउने अत्युत्तम श्रेणीगरी चार श्रेणीमा विभाजन गरिएको थियो । समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा अक्षरलेखन क्षमता यसप्रकार रहेको छ :

## ४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका सयजना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा यसप्रकार उल्लेख गरिएको छ :

**तालिका नं. १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | - | - | १ | १ | ५७ | ५७ | ४२ | ४२ |

प्रस्तुत अध्ययनमा ४० प्रतिशतभन्दा तल निम्न, ४१ देखि ६० प्रतिशतलाई मध्यम, ६१ देखि ८० प्रतिशतलाई उत्तम र ८१ भन्दा माथि अत्युत्तम गरी चार श्रेणीमा विभाजन

गरिएको छ । जसमा निम्नमा कुनै विद्यार्थी सङ्ख्या नरहेको, मध्यममा १ जना अर्थात् १ प्रतिशत, उत्तममा ५७ जना अर्थात् ५७ प्रतिशत र अत्युत्तममा ४२ जना अर्थात् ४२ प्रतिशत रहेका छन् । यसमा निम्न श्रेणीमा कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको, उत्तम श्रेणीमा सबैभन्दा बढी ५७ जना विद्यार्थीहरू र अत्युत्तम श्रेणीमा ४२ जना विद्यार्थी रहेकाले समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमता उत्तम रहेको देखिन्छ । विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थिति**




प्रस्तुत स्तम्भ चित्रमा प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थितिलाई देखाइएको छ । यसमा ४० प्रतिशतभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरू कुनै पनि नरहेको, ४१ देखि ६० प्रतिशत अङ्कप्राप्त गर्ने विद्यार्थी सङ्ख्या १ प्रतिशत, ६१ देखि ८० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५७ प्रतिशत र ८१ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४२ प्रतिशत रहेका छन् । उक्त स्तम्भ चित्रले समग्र विद्यार्थीहरूको प्रतिशतका आधारमा अक्षरलेखन क्षमतालाई स्पष्ट पारेको छ ।

## ४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक छ । अतः यहाँ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७७.५० | ८ | ४८ | ४८ | ५२ | ५२ |

समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलन निकाल्दा १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई लिइएको छ, जुन १०० जना विद्यार्थीहरूको प्राप्ताङ्क ७७५० रहेको छ । यसको मध्यमान ७७.५० रहेको छ । प्राप्ताङ्क उच्चतम अङ्क ९२ र न्यूनतम अङ्क ५९ रहेको छ । यसमा विद्यार्थीहरूको सिकाइ स्तर सन्तोषजनक रहेको छ । मानक विचलन जति कम भयो त्यति नै प्राप्ताङ्क सन्तुलित हुन्छ, तसर्थ समग्र विद्यार्थीहरूको मानक विचलन ८ रहेकाले प्राप्ताङ्क सन्तुलित नै देखिन्छ । विद्यार्थीहरूको प्राप्ताङ्कलाई अझ सन्तुलन गर्नु पर्ने पनि देखिन्छ । मध्यमानका आधारमा पनि सिकाइको स्तर त्यति असन्तुलित देखिँदैन । उक्त विद्यार्थीहरूमा मध्यमानभन्दा तल ४८ जना अर्थात् ४८ प्रतिशत र मध्यमानभन्दा माथि अर्थात् मध्यमानभन्दा बढी अङ्क ल्याउने ५२ जना अर्थात् ५२ प्रतिशत रहेका छन् । यस आधारमा समग्र विद्यार्थीहरूको सिकाइ स्तर सन्तोषजनक देखिन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा अक्षरलेखन क्षमताको तुलना

## ५.१ लैङ्गिकताका आधारमा अक्षरलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनको नमुना छनोटमा परेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयबाट १० जनाका दरले ५० छात्रा र ५० छात्र गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएर तथ्य सङ्कलन गरिएको छ । कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता शीर्षकमा १० वटा प्रश्नहरूको प्रश्नावली निर्माण गरी परीक्षा सञ्चालन गराइ प्राप्त तथ्याङ्कलाई यहाँ लैङ्गिकता र विद्यालयको प्रकृति आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । यसमा विद्यालयको प्रकृतिको आधारमा आएको प्राप्ताङ्कलाई मध्यमान, मानक विचलन र प्रतिशताङ्कका आधारमा विश्लेषण गरिएको छ । साथै तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई प्रतिशताङ्कका आधारमा तुलनात्मक विश्लेषण गर्दा ४० प्रतिशतभन्दा तल अङ्क ल्याउने निम्न, ४१ देखि ६० प्रतिशत अङ्क ल्याउने मध्यम, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने उत्तम र ८१ प्रतिशतभन्दा बढी अङ्क ल्याउने अत्युत्तम गरी चार श्रेणीमा निर्धारण गरी तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई तुलनात्मक विश्लेषण निम्नलिखित शीर्षकद्वारा स्पष्ट पारिएको छ :

### ५.१.१ प्रतिशतका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका सयजना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । प्रतिशतका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा यसप्रकार उल्लेख गरिएको छ :

**तालिका नं. ३**

**प्रतिशतका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | - | - | २७ | ५४ | २३ | ४६ |

माथि तालिकामा छात्रहरूको अक्षरलेखन क्षमताको प्रतिशत निकालिएको छ । उक्त अध्ययनमा ४० प्रतिशतभन्दा तल निम्न, ४१ देखि ६० प्रतिशतलाई मध्यम, ६१ देखि ८० प्रतिशतलाई उत्तम र ८१ भन्दा माथि अत्युत्तम गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा निम्न श्रेणीमा र मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या नरहेको र उत्तममा २७ जना अर्थात् ५४ प्रतिशत र अत्युत्तममा २३ जना अर्थात् ४६ प्रतिशत रहेका छन् ।

उक्त अध्ययनलाई हेर्दा निम्न र मध्यम श्रेणीमा कुनै विद्यार्थी सङ्ख्या नरहेको, उत्तममा २७ जना, अत्युत्तममा २३ जना रहेका छन् । तसर्थ सबैभन्दा धेरै छात्र विद्यार्थी सङ्ख्या उत्तम श्रेणीमा रहेकाले छात्रहरूको अक्षरलेखन क्षमता उत्तम रहेको छ । छात्र विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. २**

**प्रतिशतका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको स्थिति**



प्रस्तुत स्तम्भ चित्रमा प्रतिशतका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको स्थितिलाई देखाइएको छ । यसमा ४० प्रतिशतभन्दा तल अङ्क ल्याउने र ४१ देखि ६० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या नरहेको, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५४ प्रतिशत र ८१ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४६ प्रतिशत रहेको स्तम्भ चित्रद्वारा देखाइएको छ ।

### ५.१.२ मध्यमान र विचलनका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा पनि गर्नु आवश्यक छ । अतः यहाँ छात्रहरूको मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. ४**

**मध्यमान र विचलनका आधारमा छात्रहरूको अक्षरलेखन क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७७.३२ | ८.३२ | २४ | ४८ | २६ | ५२ |

छात्राहरूको मध्यमान र मानक विचलन निकाल्दा ५० जना छात्रहरूको प्राप्ताङ्कलाई लिइएको छ । उक्त ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क ३८७८ र मानक विचलन ८.३२ रहेको छ । छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कमा उच्चतम अङ्क ९२ र न्यूनतक अङ्क ६१ रहेकाले प्राप्ताङ्कमा केही अन्तर रहे पनि सिकाइ स्तर सन्तोषजनक नै रहेको छ । उक्त विद्यार्थीहरूमा मध्यमानभन्दा माथि २६ जना अर्थात् ५२ प्रतिशत र मध्यमानभन्दा तल २४ जना अर्थात् ४८ प्रतिशत रहेका छन् । तसर्थ मध्यमानका आधारमा हेर्दा विद्यार्थीहरूको सिकाइ सतर सन्तोषजनक नै देखिन्छ ।

### ५.१.३ प्रतिशतका आधारमा छात्राहरूको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका सयजना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । प्रतिशतका आधारमा छात्राहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा यसप्रकार उल्लेख गरिएको छ :

**तालिका नं. ५**

**प्रतिशतका आधारमा छात्राहरूको अक्षरलेखन क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १ | २ | ३१ | ६२ | १८ | ३६ |

माथि तालिकामा छात्राहरूको अक्षरलेखन क्षमताको प्रतिशत निकालिएको छ । उक्त तालिकामा ४० भन्दा तललाई निम्न, ४१ देखि ६० प्रतिशतलाई मध्यम, ६१ देखि ८० प्रतिशतलाई उत्तम र ८१ भन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूलाई अत्युत्तम गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा निम्नमा कुनै विद्यार्थी सङ्ख्या नरहेको, मध्यममा १ जना अर्थात् २ प्रतिशत, उत्तममा ३१ जना अर्थात् ६२ प्रतिशत र अत्युत्तममा १८ जना अर्थात् ३६ प्रतिशत रहेका छन् ।

उक्त अध्ययनलाई हेर्दा निम्नमा कुनै विद्यार्थी सङ्ख्या नरहेको, मध्यममा १ जना, उत्तममा ३१ जना र उत्युत्तममा १८ जना विद्यार्थी सङ्ख्या रहेका छन् । सबैभन्दा धेरै विद्यार्थी सङ्ख्या उत्तममा रहेकाले छात्रा विद्यार्थीहरूको अक्षरलेखन क्षमता उत्तम रहेको छ । छात्रा विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ३**

**प्रतिशतका आधारमा छात्राहरूको अक्षरलेखन क्षमताको स्थिति**




माथिको स्तम्भ चित्रमा प्रतिशतका आधारमा छात्राहरूको अक्षरलेखन क्षमताको स्थिति देखिइएको छ । यसमा ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या कुनै पनि नरहेको, ४१ देखि ६० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २ प्रतिशत, ६१ देखि ८० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६२ प्रतिशत, ८१ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३६ प्रतिशत रहेको स्तम्भ चित्रद्वारा देखाइएको छ ।

### ५.१.४ मध्यमान र विचलनका आधारमा छात्राहरूको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा पनि गर्नु आवश्यक छ । अतः यहाँ छात्राहरूको अक्षरलेखनको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. ६**

**मध्यमान र विचलनका आधारमा छात्राहरूको अक्षरलेखनको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७६.९ | ७.९८ | २५ | ५० | २५ | ५० |

मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको अक्षरलेखन क्षमता निकाल्दा ५० जना छात्राहरू प्राप्ताङ्क लिइएको छ । उक्त ५० जना विद्यार्थीहरूको जम्मा प्राप्ताङ्क ३८४५ र मध्यमान ७६.९ रहेको छ । छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कमा उच्चतम अङ्क ९० र न्यूनतम अङ्क ५९ रहेको छ । यसले विद्यार्थीहरूको सिकाइ उपलब्धि क्षमतामा केही अन्तर रहेको देखिन्छ । प्राप्ताङ्कका आधारमा विद्यार्थीहरू खासै कमजोर देखिँदैन तर प्राप्ताङ्कलाई सन्तुलनमा राख्न केही सुधार गर्नुपर्ने देखिन्छ । उक्त विद्यार्थीहरूमा मध्यमानभन्दा माथि २५ जना अर्थात् २५ प्रतिशत र मध्यमानभन्दा तल २५ जना अर्थात् २५ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि र तल समान सङ्ख्यामा विद्यार्थीहरू रहेकाले सिकाइ स्तरसमान देखिन्छ ।

मानक विचलन जति कम हुन्छ प्राप्ताङ्क त्यति नै सन्तुलित हुन्छ । माथिको तालिकाअनुसार प्राप्ताङ्कको मानक विचलन ७.९८ रहेकाले विद्यार्थीहरूको प्राप्ताङ्कमा त्यति धेरै असन्तुलन चाहिँ देखिँदैन, तर विद्यार्थीहरूको प्राप्ताङ्कमा अझ सन्तुलन ल्याउन सिकाइ स्तरमा सुधार गर्नुपर्ने देखिन्छ ।

## ५.२ लैङ्गिकताका आधारमा अक्षरलेखन क्षमताको तुलनात्मक विश्लेषण

प्रस्तुत शोधपत्रमा अध्ययनका लागि १० वटा विद्यालयका १०० जना छात्रछात्रालाई नमुनाका रूपमा छनोट छ । सामग्री सङ्कलन गर्दा प्रश्नावली निर्माण गरी परीक्षा सञ्चालन गरेर तथ्य सङ्कलन गरिएको छ । कञ्चनपुर जिल्ला १० वटा विद्यालयलाई नमुनाका रूपमा लिई प्रत्येक विद्यालयबाट ५ छात्र र ५ छात्रा गरी १० जना र जम्मा गरी १०० जनालाई छनोटका रूपमा लिई तिनीहरूको प्राप्ताङ्कका आधारमा मध्यमान, मानक

विचलन र प्रतिशताङ्कका आधारमा तुलना गरी विश्लेषण गरिएको छ । लैङ्गिकताका आधारमा अक्षरलेखन क्षमताको तुलनात्मक विश्लेषणलाई निम्न शीर्षकबाट प्रस्ट पारिएको छ :

### ५.२.१ प्रतिशतका आधारमा छात्र र छात्राको अक्षरलेखन क्षमताको तुलना

प्रस्तुत अध्ययनमा छात्र र छात्राको अक्षरलेखनलाई प्रतिशतका आधारमा तुलना गरी विश्लेषण गरिएको छ । यसमा ४ वटा श्रेणी विभाजन गरी तुलनात्मक विश्लेषण गरिएको छ । प्रतिशतका आधारमा छात्र र छात्राको विश्लेषण निम्नानुसार गरिएको छ :

**तालिका नं. ७**


**प्रतिशतका आधारमा छात्र र छात्राको अक्षरलेखनको तुलनात्मक स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| ५० | ५० | - | - | - | २ | ५४ | ६२ | ४६ | ३६ |

प्रस्तुत तालिकाका आधारमा ५० जना छात्र र ५० जना छात्राको प्रतिशताङ्कको तुलनात्मक विश्लेषण गरिएको छ । उक्त अध्ययन गर्दा निम्न श्रेणीमा छात्र र छात्राहरूको सङ्ख्या कुनै पनि नरहेको, मध्यम श्रेणीमा छात्र सङ्ख्या नरहेको र छात्रा सङ्ख्या २ प्रतिशत रहेका छन् । उत्तम श्रेणीमा ५४ प्रतिशत छात्र र ६२ प्रतिशत छात्रा रहेका छन् र अत्युत्तम श्रेणीमा छात्र ४६ प्रतिशत र छात्रा ३६ प्रतिशत रहेका छन् । प्रस्तुत तालिकाका आधारमा निम्न श्रेणीमा छात्र र छात्राको सङ्ख्या नरहेको र त्यसैगरी उत्तम श्रेणीमा छात्र छात्राको सङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ । उत्तम श्रेणीकै आधारमा हेर्दा छात्रको भन्दा छात्राको सङ्ख्या बढी रहेको स्पष्ट हुन्छ । त्यसैले प्राप्ताङ्कको प्रतिशतका आधारमा छात्रको भन्दा छात्राको सिकाइ उत्तम रहेको छ । छात्र र छात्राहरूको अक्षरलेखन क्षमताको तुलनालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ४

प्रतिशतका आधारमा छात्र र छात्राको अक्षरलेखनको तुलनात्मक स्थिति




प्रस्तुत स्तम्भ चित्रमा प्रतिशतका आधारमा छात्र र छात्राको अक्षरलेखनको तुलनालाई देखाइएको छ । उक्त चित्रमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने छात्र/छात्रा नभएको, ४१ देखि ६० प्रतिशत अङ्क ल्याउने छात्र/छात्रा क्रमशः ०/२ प्रतिशत, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने छात्र/छात्रा क्रमशः ५४/६२ प्रतिशत र ८१ प्रतिशतभन्दा माथि अङ्क ल्याउने छात्र/छात्रा क्रमशः ४६/३६ प्रतिशत रहेका छन् । यसरी छात्र र छात्राको प्राप्ताङ्कलाई स्तम्भ चित्रद्वारा अलग अलग सङ्केत गरी देखाइएको छ, जसले गर्दा छात्र र छात्राको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा स्पष्ट हेर्न सकिन्छ ।

### ५.२.२ मध्यमान र विचलनका आधारमा छात्र र छात्राको अक्षरलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता' शीर्षकमा छात्र, छात्राको तुलनात्मक विश्लेषण गरिएको छ । उक्त अध्ययनका लागि कञ्चनपुर जिल्लाका विभिन्न स्थानका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा अध्ययनरत छात्र छात्राहरूको अक्षरलेखन क्षमताको मध्यमान र मानक विचलन निकाली

तुलनात्मक विश्लेषण गरिएको छ । उक्त अध्ययनमा कञ्चनपुर जिल्लाका ५० छात्र र ५० छात्रालाई प्रश्नावली दिई परीक्षा सञ्चालन गरेर तथ्य सङ्कलन गरी छात्र छात्रा बिच तुलनात्मक विश्लेषण गरिएको छ । नमुनाका रूपमा छनोट ५० छात्र र ५० छात्राको प्राप्ताङ्कका आधारमा मध्यमान र मानक विचलन निकाली तुलनात्मक विश्लेषण गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा अक्षरलेखन क्षमताको तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ :

**तालिका नं. ८**

**मध्यमान र विचलनका आधारमा छात्र र छात्राको अक्षरलेखन क्षमताको तुलनात्मक स्थिति**

| कूल विद्यार्थी | | मध्यमान | | विचलन | | मध्यमानभन्दा तल | | | | मध्यमानभन्दा माथि | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | | छात्रा | | छात्र | | छात्रा | |
| | | | | | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ५० | ७७.५६ | ७६.९ | ८.३२ | ७.९८ | २४ | ४८ | २५ | ५० | २६ | ५२ | २५ | ५० |

प्रस्तुत तालिकामा सामुदायिक र संस्थागत विद्यालय गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा ५० जना छात्र र ५० जना छात्राहरूलाई नमुनाका रूपमा छनोट गरी तथ्य सङ्कलन गरिएको छ । उक्त १०० जना छात्र छात्राहरूको जम्मा प्राप्ताङ्क ७७५० रहेको छ । यसमा छात्रहरूको जम्मा प्राप्ताङ्क ३८७८ र मध्यमान ७७.५६ रहेको छ । त्यसैगरी छात्राहरूको जम्मा प्राप्ताङ्क ३८४५ र मध्यमान ७६.९ रहेको छ । छात्रले प्राप्त गरेको उच्चतम अङ्क ९२ र न्यूनतम अङ्क ६१ रहेको छ र छात्राले प्राप्त गरेको उच्चतम अङ्क ९० र न्यूनतम अङ्क ५९ रहेको छ । यसबाट छात्राको भन्दा छात्रको सिकाइ स्तर ०.६६ ले बढी रहेको छ । मध्यमानका आधारमा छात्र र छात्राको प्राप्ताङ्क सन्तुलन नै देखिन्छ । दुवैको प्राप्ताङ्कमा खासै फरक नरहेकाले सिकाइ स्तर समान छ भन्दा फरक नपर्ला । यसमा मध्यमानभन्दा कम अङ्क ल्याउने छात्रहरू २४ जना र छात्राहरू २५ जना रहेका र मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रहरू २६ जना र छात्राहरू २५ जना रहेका छन् ।

प्रस्तुत तालिकामा छात्रहरूको मानक विचलन ८.३२ रहेको छ भने छात्राहरूको मानक विचलन ७.९८ रहेको छ । मानक विचलन जति कम हुन्छ प्राप्ताङ्क त्यति नै सन्तुलित हुन्छ । यसबाट छात्रहरूभन्दा छात्राहरूको मानक विचलन ०.३४ कम भएकाले छात्रहरूभन्दा छात्राहरूको प्राप्ताङ्क बढी सन्तुलन देखिन्छ ।

## ५.३ निष्कर्ष

प्रस्तुत अध्ययनमा कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता शीर्षकमा कञ्चनपुर जिल्लाका समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमता र लैङ्गिकका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । समग्र रूपमा प्रतिशतका आधारमा विद्यार्थीहरूको अक्षरलेखनलाई हेर्दा उत्तम श्रेणीमा ५७ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको अक्षरलेखन उत्तम रहेको छ । लैङ्गिक आधारमा हेर्दा ५० जना छात्र र ५० जना छात्राको मध्यमान र मानक विचलन निकाली तुलनात्मक अध्ययन गरिएको छ । मध्यमानका आधारमा छात्र र छात्राको प्राप्ताङ्कलाई हेर्दा छात्राको भन्दा छात्रको मध्यमान ०.६६ ले बढी रहेकाले छात्रको सिकाइ स्तर बढी रहेको छ । तर मानक विचलन जति कम भयो त्यति नै प्राप्ताङ्क सन्तुलित हुने भएकाले छात्राको मानक विचलन छात्रको भन्दा ०.३४ ले कम रहेकाले छात्राको प्राप्ताङ्क छात्रको भन्दा छात्राको बढी सन्तुलित छ । त्यसैगरी प्रतिशतका आधारमा छात्र छात्राको सङ्ख्या सबैभन्दा उत्तम श्रेणीमा रहेकाले त्यसकै आधारमा तुलना गर्दा छात्रको भन्दा छात्राको सङ्ख्या बढी रहेको देखिन्छ ।

अध्याय छ

# विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमताको तुलना

## ६.१ विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनको नमुना छनोटमा परेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयबाट १० जनाका दरले ५० छात्रा र ५० छात्र गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएर तथ्य सङ्कलन गरिएको छ । कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता शीर्षकमा १० वटा प्रश्नहरूको प्रश्नावली निर्माण गरी परीक्षा सञ्चालन गराइ प्राप्त तथ्याङ्कलाई यहाँ र विद्यालयको प्रकृति आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । यसमा विद्यालयको प्रकृतिको आधारमा आएको प्राप्ताङ्कलाई मध्यमान, मानक विचलन र प्रतिशताङ्कका आधारमा विश्लेषण गरिएको छ । साथै तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई प्रतिशताङ्कका आधारमा तुलनात्मक विश्लेषण गर्दा ४० भन्दा तल अङ्क ल्याउने निम्न, ४१ देखि ६० मध्यम, ६१ देखि ८० उत्तम र ८१ भन्दा माथि अत्युत्तम गरी ४ श्रेणीमा निर्धारण गरी तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई तुलनात्मक विश्लेषण निम्नलिखित शीर्षकद्वारा स्पष्ट पारिएको छ :

### ६.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमता

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा पनि गर्नु आवश्यक छ । अतः यहाँ सामुदायिक विद्यालयको प्रतिशतका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. ९**


**प्रतिशतका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमता**

| कूल विद्यार्थी सङ्ख्या | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | १ | २ | २९ | ५८ | २० | ४० |

माथि तालिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको प्रतिशत निकालिएको छ । उक्त अध्ययनमा ४० प्रतिशतभन्दा तल निम्न, ४१ देखि ६० प्रतिशतलाई मध्यम, ६१ देखि ८० प्रतिशतलाई उत्तम र ८१ भन्दा माथि अत्युत्तम गरी चार श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीमा कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको, मध्यम श्रेणी १ जना अर्थात् २ प्रतिशत, उत्तम श्रेणीमा २९ जना अर्थात् ५८ प्रतिशत र अत्युत्तम श्रेणीमा २० जना अर्थात् ४० प्रतिशत रहेका छन् । उक्त अध्ययनलाई हेर्दा निम्न श्रेणीमा कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको, मध्यम श्रेणीमा १, उत्तम र अत्युत्तम श्रेणीमा क्रमशः २९ र २० जना रहेका छन् । उत्तम श्रेणीमा विद्यार्थीहरूको सङ्ख्या बढी नै देखिन्छ । तसर्थ यस तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयको सिकाइ स्तर उत्तम देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ५**

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमता**




प्रस्तुत स्तम्भ चित्रमा प्रतिशतका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमतालाई देखाइएको छ । उक्त स्तम्भ चित्रमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नरहेको, ४१ देखि ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी २ प्रतिशत, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने ५८ प्रतिशत र ८१ प्रतिशतभन्दा माथि अङ्क ल्याउने ४० प्रतिशत विद्यार्थीहरू रहेको स्तम्भ चित्रद्वारा स्पष्ट पारिएको छ ।

### ६.१.२ मध्यमान र विचलनका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमताको स्थिति

विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा पनि गर्नु आवश्यक छ । अतः यहाँ सामुदायिक विद्यालयको मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

## तालिका नं. १०

## मध्यमान र विचलनका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमताको स्थिति

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७६.७६ | ७.७२ | २३ | ४६ | २७ | ५४ |

प्रस्तुत तथ्याङ्कअनुसार मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयको अक्षरलेखन क्षमता हेर्दा ५० जना विद्यार्थीहरू प्राप्ताङ्कलाई लिइएको छ । यी विद्यार्थीहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ३८३८ र मध्यमान ७६.७६ रहेको छ । विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा उच्चतम अङ्क ९१ र न्यूनतम अङ्क ५९ रहेको छ । यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा केही अन्तर रहेको देखिन्छ । प्राप्ताङ्कलाई सन्तुलनमा राख्न केही सुधार गर्नुपर्ने देखिन्छ । उक्त विद्यार्थीहरूको मध्यमानभन्दा माथि २७ जना अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा तल २३ जना अर्थात् ४६ प्रतिशत रहेको हुनाले विद्यार्थी सिकाइ स्तर सन्तुलित नै देखिन्छ ।

मानक विचलन कम भएमा प्राप्ताङ्क सन्तुलित र बढी भएमा प्राप्ताङ्कमा असन्तुलित हुन्छ । माथिको तालिकाअनुसार प्राप्ताङ्कको मानक विचलन ७.७२ रहेको छ । उक्त मानक विचलनलाई हेर्दा विद्यार्थीहरूको सिकाइ स्तर राम्रो देखिन्छ । तर विद्यार्थीहरूको प्राप्ताङ्कमा अझ सन्तुलन ल्याउन केहि सुधार गर्नुपर्ने देखिन्छ ।

### ६.१.३ प्रतिशतका आधारमा संस्थागत विद्यालयको अक्षरलेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलखेन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलखेन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

### तालिका नं. ११


### प्रतिशतका आधारमा संस्थागत विद्यालयको अक्षरलेखन क्षमता

| कूल विद्यार्थी सङ्ख्या | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | - | - | - | - | २८ | ५६ | २२ | ४४ |

माथि तालिकामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको प्रतिशत निकालिएको छ । उक्त अध्ययनमा ४० प्रतिशतभन्दा तल निम्न, ४१ देखि ६० प्रतिशतलाई मध्यम, ६१ देखि ८० प्रतिशतलाई उत्तम र ८१ भन्दा माथि अत्युत्तम गरी चार श्रेणीमा विभाजन गरिएको छ । निम्न र मध्यम श्रेणीमा कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको, उत्तममा २८ जना अर्थात् ५६ प्रतिशत र अत्युत्तममा २२ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । निम्न र मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या नरहेको र उत्तम श्रेणीमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेकाले विद्यार्थीहरूको अक्षरलेखन क्षमता उत्तम रहेको देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ६**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयको अक्षरलेखन क्षमता**




माथिको स्तम्भ चित्रमा संस्थागत विद्यालयको अक्षरलेखन क्षमतालाई प्रतिशतका आधारमा देखाइएको छ । उक्त चित्रमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या र ४१ देखि ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नरहेको, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५६ प्रतिशत, ८१ प्रतिशतभन्दा बढी अङ्क ल्याउने ४४ प्रतिशत विद्यार्थीहरू रहेको स्तम्भ चित्रमा देखाइएको छ ।

### ६.१.४ मध्यमान र विचलनका आधारमा संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको स्थिति

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

### तालिका नं. १२

### मध्यमान र विचलनका आधारमा संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको स्थिति

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७८.२४ | ८.२० | २५ | ५० | २५ | ५० |

प्रस्तुत तालिकामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षर लेखन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा हेरिएको छ, जसमा ५० जना विद्यार्थीहरू रहेका छन् । यसको जम्मा प्राप्ताङ्क ३९१२ र मध्यमान ७८.२४ रहेको छ । विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा उच्चतम अङ्क ९२ र न्यूनतम अङ्क ६४ रहेको छ । यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा केही अन्तर रहेको पनि कमजोर भनेर चाहिँ भन्न मिल्दैन । त्यसैले प्राप्ताङ्कलाई हेर्दा सिकाइ स्तर सन्तोषजनक नै देखिन्छ । उक्त विद्यार्थीहरूको मध्यमानभन्दा माथि २५ जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा तल २५ जना अर्थात् ५० प्रतिशत रहेका छन् । मध्यमानका आधारमा विद्यार्थीको प्राप्ताङ्क सन्तुलित देखिन्छ । मानक विचलन जति कम भयो विद्यार्थीहरूको प्राप्ताङ्कमा त्यति नै सन्तुलन हुन्छ । प्राप्ताङ्कको मध्यमान देखिको औसत विचलन (मानक विचलन) ८.२० रहेको छ । मानक विचलनलाई हेर्दा विद्यार्थीहरूको सिकाइ स्तर राम्रो देखिन्छ । तर विद्यार्थीहरूको प्राप्ताङ्कमा अझ सन्तुलन ल्याउन केहि सुधार गर्नुपर्ने देखिन्छ ।

## ६.२ विद्यालय प्रकृतिका आधारमा अक्षरलेखन क्षमताको तुलना

प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत गरी ५/५ वटा विद्यालय नमुना छनोटका रूपमा लिई यी दुवै विद्यालयबाट सामग्री सङ्कलन गरिएको छ । प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले सामुदायिक विद्यालयबाट ५० जना र संस्थागतबाट ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । प्रश्नावली निर्माण गरेर लिखित परीक्षण सञ्चालन गरी तथ्य सङ्कलन गरिएको छ । विद्यालयको प्रकृतिका आधारमा कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ :

### ६.२.१ प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना

प्रस्तुत अध्ययनमा प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयबिच तुलना गरी विश्लेषण गरिएको छ । यसमा ४ वटा श्रेणी विभाजन गरी तुलनात्मक विश्लेषण गरिएको छ । प्रतिशताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयको विश्लेषण निम्नानुसार गरिएको छ :

**तालिका नं. १३**


**प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | | ४० भन्दा तल प्रतिशत | | ४१-६० प्रतिशत | | ६१-८० प्रतिशत | | ८१ भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. | सं. | सा. | सं. | सा. | सं. | सा. | सं. | सा. | सं. |
| ५० | ५० | - | - | २ | - | ५८ | ५६ | ४० | ४४ |

प्रस्तुत तालिकाका आधारमा ५० जना सामुदायिक विद्यालयबाट र ५० जना संस्थागत विद्यालयबाट विद्यार्थीहरूको प्रतिशताङ्कको तुलनात्मक विश्लेषण गरिएको छ । उक्त अध्ययन गर्दा निम्न श्रेणीमा सामुदायिक र संस्थागतमा कुनै पनि विद्यार्थी नरहेको पाइयो । मध्यम श्रेणीमा सामुदायिकमा २ प्रतिशत र संस्थागतमा कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको, त्यसैगरी उत्तम श्रेणीमा सामुदायिकका ५८ प्रतिशत र संस्थागतका ५६ प्रतिशत रहेका छन् र अत्युत्तम श्रेणीमा सामुदायिकका ४० प्रतिशत र संस्थागतका ४४ प्रतिशत रहेका छन् । प्रस्तुत तालिकाका आधारमा निम्न श्रेणीमा सामुदायिक र संस्थागतमा कुनै पनि विद्यार्थी प्रतिशत नरहेको, त्यसैगरी अत्युत्तम श्रेणीमा सामुदायिकका ४० प्रतिशत र संस्थागतका ४४ प्रतिशत विद्यार्थीहरू रहेकाले सामुदायिकभन्दा संस्थागत विद्यालयको प्राप्ताङ्क ४ प्रतिशतले राम्रो रहेको स्पष्ट हुन्छ । सामुदायिक संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलनालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ७

प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक स्थिति




प्रस्तुत स्तम्भ चित्रमा सामुदायिक र संस्थागत विद्यालयको अक्षरलेखनको तुलनालाई प्रतिशतका आधारमा देखाइएको छ । उक्त स्तम्भ चित्रमा ४० प्रतिशतभन्दा तल अङ्क ल्याउने सामुदायिक र संस्थागत विद्यालयहरूका कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको, ४१ देखि ६० प्रतिशत अङ्क ल्याउने सामुदायिकको २ प्रतिशत, संस्थागतको शून्य प्रतिशत, ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने सामुदायिक ५८ प्रतिशत, संस्थागतको ५६ प्रतिशत, ८१ प्रतिशतभन्दा माथि अङ्क ल्याउने सामुदायिक ४० प्रतिशत र संस्थागतको ४४ प्रतिशत, विद्यार्थीहरू रहेका छन् । उक्त स्तम्भ चित्रद्वारा सामुदायिक र संस्थागत विद्यालयको अक्षरलेखन क्षमता प्रष्ट पारिएको छ ।

### ६.२.२ मध्यमान र विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको तुलना

प्रस्तुत अध्ययनमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा प्रश्नावली निर्माण गरी परीक्षा सञ्चालन पश्चात्

प्राप्त भएको विद्यार्थीहरूको जम्मा प्राप्ताङ्कका आधारमा मध्यमान र मानक विचलन निकालिएको छ । उक्त मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको तुलनात्मक विश्लेषण यसप्रकार गरिएको छ :

**तालिका नं. १४**

**मध्यमान र विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको तुलना**

| कूल विद्यार्थी | मध्यमान | | विचलन | | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सा. | सं. | सा. | सं. | सा. | सं. | सा. | सं. |
| १०० | ७६.७६ | ७८.२४ | ७.७२ | ८.२० | २३ | २५ | २७ | २५ |

प्रस्तुत तालिकामा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क ३८३८ र मध्यमान ७६.७६ रहेको छ भने संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क ३९१२ र मध्यमान ७८.२४ रहेको छ । यहाँ सामुदायिक विद्यालय र संस्थागत विद्यालयको मध्यमानका आधारमा प्राप्ताङ्क सन्तुलन देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको उच्चतम अङ्क ९१ र न्यूनतम अङ्क ५९ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको उच्चतम अङ्क ९२ र न्यूनतम अङ्क ६४ रहेको छ । उक्त अध्ययनलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि लगभग समान देखिन्छ । मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कमा सन्तुलन देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूमा मध्यमानभन्दा बढी अङ्क ल्याउने २७ जना र मध्यमानभन्दा कम अङ्क ल्याउने २३ जना रहेका छन् भने त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूमा मध्यमानभन्दा बढी अङ्क ल्याउने २५ जना र मध्यमानभन्दा कम अङ्क ल्याउने २५ जना रहेका छन् । मध्यमान र मानक विचलनका आधारमा तुलना गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ स्तरमा केही फरक देखिएको छ । यहाँ सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धिमा र प्राप्ताङ्कको सन्तुलनमा धेरै फरक रहेको देखिँदैन ।

प्रस्तुत तालिकामा प्राप्ताङ्कको मध्यमानदेखिको औसत विचलन (मानक विचलन) सामुदायिक विद्यालयको ७.७२ रहेको छ भने संस्थागत विद्यालयको मानक विचलन ८.२० रहेको छ । मानक विचलन जति कम हुन्छ प्राप्ताङ्क त्यति नै सन्तुलिन हुन्छ । यहाँ संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको मानक विचलन ०.४८ ले कम छ तसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क सन्तुलित रहेको देखिन्छ । तर मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ स्तर सामुदायिक विद्यालयभन्दा १.४८ ले बढी रहेकाले संस्थागत विद्यालयको सिकाइ स्तर बढी राम्रो देखिन्छ ।

## ६.३ निष्कर्ष

विद्यालयको प्रकृतिका आधारमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि केही बढी रहेको छ । मानक विचलनका आधारमा संस्थागतको भन्दा सामुदायिक विद्यालयको कम रहेको छ, तसर्थ सामुदायिक विद्यालयको प्राप्ताङ्कमा संस्थागत विद्यालयभन्दा सन्तुलित रहेको छ । त्यसैगरी प्राप्ताङ्क प्रतिशतका आधारमा अत्युत्तम श्रेणीमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशतले बढी रहेको छ । तसर्थ सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ स्तर राम्रो देखिन्छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपादेयता

प्रस्तुत अध्ययन 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता' शीर्षकमा आधारित छ । उक्त अध्ययनको व्याख्या तथा विश्लेषणका आधारमा सारांश, निष्कर्ष र उपादेयता निम्नानुसार रहेको छ :

## ७.१ सारांश

अक्षरलेखन प्रारम्भिक तहदेखि नै सिकाउँदा विद्यार्थीहरूमा लेखन क्षमताको विकास हुन्छ । फोक्सोको सासको एक पकडले उच्चारित हुने वर्ण वा वर्णहरूको समूह अक्षर हो ।

अध्याय एकमा शोधपरिचय भनी शीर्षक रहेको छ । उक्त अध्यायमा पृष्ठभूमि समस्याकथन, उद्देश्य, सीमाङ्कन र रूपरेखा प्रस्तुत गरिएका छन् । यस शोधमा कञ्चनपुर जिल्लाका कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता कस्तो छ ? विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा उक्त कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता कस्तो छ ? भनी समस्या राखिएको छ । उक्त समस्या समाधानका लागि ३ वटा उद्देश्यहरू राखिएका छन् ती हुन्; कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलना गर्नु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलनात्मक पहिचान गर्नु राखिएको छ । उद्देश्य, सीमाङ्कन र रूपरेखा गरी शोधलाई अगाडि बढाइएको छ ।

अध्याय दुईको शीर्षक पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेको छ । यसअन्तर्गत विभिन्न पुस्तक र पूर्वकार्यमा पुनरावलोकन, शोधशीर्षकसँग सम्बन्धित रहेर सैद्धान्तिक अवधारणा प्रस्तुत गरी अक्षरलेखन क्षमताको परिचय, अक्षरलेखनका प्रकार, लेखनकला विकासका प्रारम्भिक कार्यकलाप र अक्षरलेखनको आवश्यकता र महत्त्वजस्ता महत्त्वपूर्ण धारणा प्रस्तुत गरिएको छ ।

अध्याय तिनमा नमुना छनोटका रूपमा कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूमा १०/१० जनाका दरले

जम्मा १०० जना विद्यार्थीहरू लिइएको छ । नमुना छनोट गरी सामग्री निर्माणका लागि प्रश्नावली निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

अध्याय चारमा शोधकार्यको वास्तविक उद्देश्य पहिल्याउनका लागि समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई परीक्षण गरी प्राप्त भएको प्राप्ताङ्कलाई मध्यमान, मानक विचलन र प्रतिशतमा निकाली तालिका र स्तम्भ चित्रमा देखाइएको छ । त्यसैगरी अध्याय पाँचमा शोधकार्यको पहिलो उद्देश्य लैङ्गिकताका आधारमा छात्र र छात्राको प्राप्ताङ्कलाई मध्यमान, मानक विचलन र प्रतिशत निकाली तालिका र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । त्यसैगरी अध्याय छमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमतालाई पनि मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा तालिका र स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता शीर्षक रहेको छ । अध्ययनको सारांशअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधका उपयोगिताहरूलाई यहाँ नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्री सूची दिइएको छ ।

## ७.२ निष्कर्ष

- मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको मध्यमान ७७.५० रहेको छ । यसमा मध्यमानभन्दा माथि अक्षरलेखन भएका विद्यार्थीहरूको सङ्ख्या ५२ जना र मध्यमानभन्दा कम भएका ४२ जना रहेकाले समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमता सन्तोषजनक रहेको छ ।
- समग्र विद्यार्थीहरूको अक्षरलेखन क्षमताको मानक विचलन ८ रहेको छ । मानक विचलन जति कम भयो प्राप्ताङ्क पनि त्यति नै सन्तोषजनक रहने भएकाले उक्त अध्ययनमा पनि विद्यार्थीहरूको सिकाइ स्तर सन्तोषजनक छ ।

- प्रतिशताङ्कका आधारमा समग्र विद्यार्थीहरूको सबैभन्दा बढी ५७ प्रतिशत उत्तम श्रेणीमा रहेकाले विद्यार्थीहरूको अक्षरलेखन क्षमता उत्तम खालको रहेको छ ।
- समग्र छात्रको अक्षरलेखन क्षमताको मध्यमान ७७.५६ रहेको र छात्राको अक्षरलेखन क्षमताको मध्यमान ७६.९ रहेको छ ।
- मध्यमानका आधारमा छात्र र छात्राको अक्षरलेखन क्षमताको तुलना गर्दा छात्रको मध्यमान ७७.५६ र छात्राको मध्यमान ७६.९ रहेकाले छात्राको भन्दा छात्रको सिकाइ स्तर ०. ६६ ले बढी राम्रो छ ।
- समग्र छात्रको मानक विचलन ८.३२ र छात्राको ७.९८ रहेको छ ।
- मानक विचलनका आधारमा छात्र र छात्राको अक्षरलेखन क्षमताको तुलना गर्दा छात्रको मानक विचलन ८.३२ र छात्राको मानक विचलन ७.९८ रहेकाले छात्रको तुलनामा छात्राको प्राप्ताङ्क ०.३४ ले बढी सन्तुलित छ ।
- प्रतिशताङ्कका आधारमा उत्तम श्रेणीमा छात्र/छात्राको दुवैको सङ्ख्या क्रमशः ५४ र ६२ रहेकाले छात्रको तुलनामा छात्राको प्राप्ताङ्क उत्तम रहेको छ ।
- सामुदायिक विद्यालयको अक्षरलेखन क्षमताको प्राप्ताङ्कको मध्यमान ७६.७६ र संस्थागत ७८.२४ रहेको छ ।
- मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयको अक्षरलेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयको मध्यमान ७६.७६ र संस्थागत विद्यालयको मध्यमान ७८.२४ रहेकाले सामुदायिकभन्दा संस्थागत विद्यालयको सिकाइ स्तर १.४८ ले बढी सन्तोषजनक छ ।
- मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयको मानक विचलन ७.७२ र संस्थातग विद्यालयको मानक विचलन ८.२० रहेकाले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयको प्राप्ताङ्क १.४८ ले बढी सन्तुलित छ ।

- प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्तम श्रेणीमा २९ जना अर्थात् ५८ प्रतिशत र अत्युत्तम श्रेणीमा २० जना अर्थात् ४० प्रतिशत रहेका छन् । तसर्थ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सिकाइ स्तर उत्तम खालको रहेको छ ।
- प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उत्तम श्रेणीमा २८ जना अर्थात् ५६ प्रतिशत र अत्युत्तमश्रेणीमा २२ जना अर्थात् ४४ प्रतिशत रहेको छ । तसर्थ संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ स्तर उत्तम खालको रहेको छ ।
- सामुदायिक र संस्थागत विद्यालयको प्रतिशतका आधारमा तुलना गर्दा अत्युत्तम श्रेणीमा सामुदायिक विद्यालयका विद्यार्थीहरू ४० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४४ प्रतिशत रहेकाले सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अक्षरलेखन क्षमता ४ प्रतिशतले बढी राम्रो रहेको छ ।

## ७.३ उपादेयता

- यस अध्ययनबाट प्राथमिक तहमा नेपाली पाठ्यपुस्तक निर्माण गर्ने निमार्ताहरूलाई उक्त पाठ्यपुस्तकमा अक्षरलेखनसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक कुराहरूलाई छनोट र स्तरण गर्नमा सहयोग मिल्नेछ ।
- यस अध्ययनले प्राथमिक तहमा बालबालिकाहरूलाई अक्षर शिक्षणका निम्ति आवश्यक शैक्षिक सामग्री निर्माण गर्न सहयोग मिल्नेछ ।
- अक्षरलेखनका क्रममा छात्रको भन्दा छात्राको अक्षरलेखन क्षमता कम रहेकाले आगामी दिनमा सुधारोन्मुख शिक्षण गराउन यस अध्ययनले सहयोगी भूमिका निर्वाह गर्ने छ ।
- मूल्याङ्कनकर्तालाई मूल्याङ्कनका लागि प्रश्नपत्र तयार गर्न यस अध्ययनले सहयोग गर्ने छ ।
- कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमता कति रहेछ भनी जिज्ञासा राख्ने जिज्ञासुहरूलाई यस अध्ययनले सहयोग पुऱ्याउनेछ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूमा अक्षरलेखन अध्ययन अध्यापन गर्न गराउन प्रस्तुत अध्ययनको मार्गनिर्देशन गर्नेछ ।

- यस अध्ययनबाट अक्षरलेखनसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक कुराहरू जान्न चाहनेहरूलाई समेत सहयोग मिल्नेछ ।
- पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री निर्माणकर्तालाई अक्षरलेखन प्रयोग सम्बन्धित अभ्यास समावेश गराउनु पर्ने तर्फ सचेत गराउनेछ ।
- प्राथमिक तहबाटै अक्षरलेखन राम्रो भएमा माथिल्लो तहमा पनि लेखनकला राम्रो हुने भएकाले प्रारम्भिक तह बाटै अक्षरलेखनमा कसरी सुधार गर्ने भन्ने पनि उक्त अध्ययनले सहयोग गर्नेछ ।
- यस अध्ययनमा निकालेको कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको निष्कर्षका आधारमा कक्षा एकमा अध्ययनरत अन्य विद्यार्थीहरूको सोही विषयमा क्षमता पनि अनुमान गर्न सकिनेछ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०६५), *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८), *प्रायोगात्मक नेपाली व्याकरण* (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०७३), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, इन्दिरा (२०६९), *म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ओझा, रामनाथ र गिरी, मधुसुद (२०५८), *शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,* काठमाडौं : न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन प्रा.लि. ।

गौतम, हिरा (२०७२), *काठमाडौं उपत्यकाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, लेखनाथ (२०७२), *महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

दाहाल, दुर्गा (२०७२), *कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल, इन्द्रप्रसाद (२०६७), *कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र (२०६३), *मेरो नेपाली कक्षा एक* (ते.सं.), सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६७), *साझा नेपाली किताब कक्षा १,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बल्लभ, पूजा (२०७२) *काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, डी.पी., ढुङ्गेल, डिल्लीराम (२०७२), *निम्नमाध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन ।

भट्टराई, शारदा (२०६८), *काठमाडौं दक्षिण भेगमा बाल कक्षा (पूर्व प्राथमिक) मा अध्ययनरत विद्यार्थीहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, बिष्णु बहादुर (२०७२), *बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भुषाल, केशव (२०७१), *भाषाविज्ञान,* काठमाडौं : पाठशाला पब्लिकेसन ।

रिजाल, मन्दोदरी (२०७२) *काठमाडौं जिल्लाका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामा, अनिल कुमार (२०६९), *काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६३), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* काठमाडौं : साझा प्रकाशन ।

सिलवाल, सावित्री (२०६६), *कक्षा दुईमा अध्ययनरत बालबालिकाहरूको अक्षरलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

# परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयहरू

### सामुदायिक विद्यालय

१. श्री महेन्द्रनगर उच्च माध्यमिक विद्यालय, महेन्द्रनगर, कञ्चनपुर

२. श्री दशरथ निम्न माध्यमिक विद्यालय, भी.न.पा.-१५, निम्बुखेडा, कञ्चनपुर

३. श्री मदन भण्डारी स्मृति प्राथमिक विद्यालय, भी.न.पा-१८, निम्बुखेडा, कञ्चनपुर

४. श्री अमरशहीद निम्न माध्यमिक विद्यालय, जानकीटोल, महेन्द्रनगर

५. श्री महेन्द्रनगर माध्यमिक विद्यालय, महेन्द्रनगर कटान, कञ्चनपुर

### संस्थागत विद्यालय

१. आदर्श विद्या निकेतन उच्च माध्यमिक विद्यालय, महेन्द्रनगर, कञ्चनपुर

२. माइलस्टोन पब्लिक एकेडेमी (ध्रुव विद्या निकेतन), भि.न.पा., कञ्चनपुर

३. श्री राष्ट्रिय बाल विद्यालय इङ्लिस मेडियम् सेकेन्डिरी स्कूल, कञ्चनपुर

४. महाकाली मोर्डन पब्लिक स्कूल, भासी, कञ्चनपुर

५. श्री सनसाइज पब्लिक स्कूल, कटान, कञ्चनपुर

## परिशिष्ट (ख)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको नाम र प्राप्ताङ्क विवरण

### सामुदायिक विद्यालय

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | रेबिका खुना | ८१ | २६. | पवर्त तिरुवा | ८४ |
| २. | नेहा महरा | ६८ | २७. | आशिष टमाटा | ८२ |
| ३. | अनिसा चन्द | ७० | २८. | विय टमाटा | ८० |
| ४. | निरुता खत्री | ६५ | २९. | आदित्य चौधरी | ७२ |
| ५. | जिडित चौधरी | ५९ | ३०. | करन तिरुवा | ७० |
| ६. | आयुष पाण्डेय | ९१ | ३१. | सुस्मिता नेगी | ८४ |
| ७. | पंकज जोशी | ८४ | ३२. | रोजी वि.क. | ७९ |
| ८. | सागर दमाई | ८३ | ३३. | सरस्वती चन्द | ७५ |
| ९. | आयुष चौधरी | ८२ | ३४. | यादवि विष्ट | ६१ |
| १०. | कविल विष्ट | ७२ | ३५. | रेश्मा चौधरी | ६९ |
| ११. | रविना राना | ८५ | ३६. | अर्जुन वि.क. | ९० |
| १२. | सपना चौधरी | ८४ | ३७. | विनोद राना | ८५ |
| १३. | रेबीका राना | ८२ | ३८. | प्रापन गिरी | ८२ |
| १४. | प्रमीला धामी | ८२ | ३९. | आदित्य खुना | ७६ |
| १५. | मञ्जु चौधरी | ७८ | ४०. | दीपक चौधरी | ७० |
| १६. | बसन्त धामी | ८६ | ४१. | सुनिता चौधरी | ८० |
| १७. | अनुज चौधरी | ७९ | ४२. | सन्ध्या सुनार | ७० |
| १८. | विशाल घरेडी | ७१ | ४३. | ललिता खुना | ७७ |
| १९. | प्रित चुनारा | ७१ | ४४. | रिमा उराँउ | ६९ |
| २०. | मुकेश चौधरी | ६१ | ४५. | सन्ध्या डंगौरा | ७८ |
| २१. | रिया सुनार | ८६ | ४६. | सोमप्रसाद अवस्थी | ७१ |
| २२. | सिजुका दमाई | ८६ | ४७. | सविन विष्ट | ६१ |
| २३. | प्रकृति औजी | ८३ | ४८. | जगत खुना | ६४ |
| २४. | अस्मिता उराँउ | ८१ | ४९. | अमर गोखामी | ७४ |
| २५. | आरती ओड | ७२ | ५०. | रबी चौधरी | ६१ |

**संस्थागत विद्यालय**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | दिप्सीका खड्का | ८३ | २६. | सरीता खत्री | ९० |
| २. | निशा चौधरी | ७६ | २७. | प्रथा मण्डल | ८७ |
| ३. | जेनिसा चौधरी | ७६ | २८. | हिसिला खड्का | ७५ |
| ४. | प्रतिभा अवस्थी | ७९ | २९. | दिपा पाण्डेय | ७३ |
| ५. | प्रतिका चन्द | ६८ | ३०. | कल्पना दहित | ६५ |
| ६. | नितेश जोशी | ९३ | ३१. | रोशनी भाट | ८९ |
| ७. | विराज कार्की | ८७ | ३२. | निशा खडायत | ७३ |
| ८. | शन्दीप भाट | ८७ | ३३. | दिव्या दहाल | ७२ |
| ९. | शुभम अवस्थी | ६९ | ३४. | अनुसा भारती | ७२ |
| १०. | आलोक तिरुवा | ६५ | ३५. | सृष्टि पाण्डेय | ६५ |
| ११. | समिर चन्द | ८१ | ३६. | असिम सरदार | ८५ |
| १२. | खगेन्द्र भट्ट | ७२ | ३७. | प्रिन्स नाथ | ८१ |
| १३. | प्रशान्त कुँवर | ६४ | ३८. | जीवन चौहान | ८१ |
| १४. | विबेक पन्त | ६५ | ३९. | कशिस चौधरी | ७२ |
| १५. | सागर भट्ट | ८८ | ४०. | नवीन कार्की | ६४ |
| १६. | निलम जोशी | ९० | ४१. | सुस्मा खड्का | ८८ |
| १७. | प्रतिमा महरा | ८८ | ४२. | अनुस्का चौधरी | ८६ |
| १८. | विनिता चन्द | ८७ | ४३. | राधा भट्ट | ७९ |
| १९. | अनुस्क सिलाधर | ७७ | ४४. | संगीता जोशी | ७० |
| २०. | दिपीका जोशी | ७२ | ४५. | सुभेक्षा चन्द | ६९ |
| २१. | चन्दु जोशी | ८३ | ४६. | पुनित चन्द | ९० |
| २२. | प्रशान्त भट्ट | ७४ | ४७. | विनोद भट्ट | ८९ |
| २३. | सुमन ऐर | ६९ | ४८. | रमेश राना | ८३ |
| २४. | आयुष खनाल | ८४ | ४९. | राजेश रावल | ७५ |
| २५. | अनमोल जोशी | ८१ | ५०. | पुष्पराज अवस्थी | ७० |

# व्यक्तिवृत्त

नाम : जयन्ती महरा

ठेगाना : निम्बुखेडा-१८, महेन्द्रनगर, कञ्चनपुर

बुबाको नाम : जगदीश सिंह महरा

आमाको नाम : द्रोपती देवी महरा

धर्म : हिन्दू

राष्ट्रियता : नेपाली

मोवाइल नं. : ९८६०५५७३४३

**शैक्षिक योग्यता**

| क्र.सं. | उत्तीण तह | शिक्षण संस्थाको नाम | उत्तीर्ण वर्ष |
|---|---|---|---|
| १. | एस.एल.सी. | श्री महेन्द्रनगर उच्च माध्यमिक विद्यालय, कञ्चनपुर | २०६२ |
| २. | प्रवीणता प्रमाणपत्र तह | सिद्धार्थ बहुमुखी क्याम्पस, कञ्चनपुर | २०६५ |
| ३. | स्नातक | सिद्धार्थ बहुमुखी क्याम्पस, कञ्चनपुर | २०६९ |
| ४. | स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०७३ |